

५० लागे सलमान..... पृष्ठ ६

लोकप्रिय राष्ट्रिय दैनिक
# राजधानी
ग्राहक प्रति
काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

लोकप्रिय राष्ट्रिय दैनिक राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300, Ext: 112, 108

काठमाडौं । वर्ष १५, अंक १९७, काठमाडौं, सोमबार १३ पुस २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Monday 28 December 2015 । पृष्ठ : ८ मूल्य रु. ५/-

# दलीय स्वार्थको गोलचक्करमा संसद्

## अवरोधसँगै कोरम नपुगेर स्थगित हुन थाल्यो बैठक



**ईश्वरी सुवेदी/राजधानी**
काठमाडौं, १२ पुस

व्यवस्थापिका संसद्का बैठकहरू दलीय स्वार्थलगायत विभिन्न कारणबाट प्रभावित हुँदा पछिल्ला दिनमा संसद् अनिर्णयको बन्दी मात्रै होइन, निष्प्रभावीजस्तो देखिँदै गएको छ ।

कहिले लामो समयसम्म स्थगित त कहिले अवरुद्ध र सूचना टाँसबाट स्थगितको शृंखलासँगै संसद्को आइतबारको बैठक भने कोरम नपुगेर स्थगित भएको छ । जसले गर्दा आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको माग सम्बोधनका लागि अघि बढाउन खोजिएको संविधान संशोधन विधेयकमाथिको सैद्धान्तिक छलफल नै रोकिएको छ । जनता नाकाबन्दी र कालोबजारीको मारमा परिरहँदा पनि बैठकमा सांसद्हरूको आवाज गुन्जिन छाडेको छ । गत कात्तिकयता एक/दुई पटकबाहेक संसद्का बैठक हुन सकिरहेका छैनन् । एक प्रकारले भन्ने हो भने संसद् राजनीतिक दलहरूको स्वार्थको गोलचक्करका कारण असामान्य अवस्थामा पुगेको छ । संसद्भित्रै दलहरूले गरेका निर्णय केही मिनेटभरमै बैठक सुरु हुनेबित्तिकै लागू हुन छाडेका छन् ।

(बाँकी पृष्ठ २ मा)

### सरकारको आलोचना

**काठमाडौं/रास-** व्यवस्थापिका संसद्को आइतबारको बैठकमा सांसदहरूले सरकारको विरोध गरेका छन् । मधेस आन्दोलनको समाधान गर्न नसकेको, नाकाबन्दी खुलाउन नसकेको, कालोबजारी रोक्न नसेकेको, मन्त्रालय फुटाएर सत्ता टिकाउन खोजेको लगायतका विषय उठाएर सांसदहरूले सरकारको आलोचना गरेका हुन् ।

बैठकको विशेष समयमा बोल्दै प्रमुख प्रतिपक्ष दल कांग्रेसका सांसद डा. प्रकाशशरण महतले भूकम्पपीडित जाडोमा कठ्यांग्रिएका बेला सकारले मन्त्रालय र मन्त्रीहरू थपेर राज्यकोषको दुरुपयोग गरेको आरोप लगाए । कांग्रेसले सरकार ढाल्ने कुनै तयारी नै नगरे पनि सरकारले सबैलाई खुसी पार्न मन्त्री बनाएको बताए । उनले सरकारमा बस्ने नै कालोबजारीमा लागेको दाबी गरे ।

सांसद योगेन्द्र तामाङ घिसिङले भूकम्पपीडितहरू जाडोका कारण अत्यन्त संकटपूर्ण अवस्थामा रहेको बताउँदै राज्यबाट दिनुपर्ने राहत तत्काल दिनुपर्ने माग गरे ।

(बाँकी पृष्ठ २ मा)

सामान ढुवानी प्रकरण

# सशस्त्रका तिन पूर्वआईजीपी पनि तानिए

**राजधानी समाचारदाता**
काठमाडौं, १२ पुस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नियन्त्रणमा रहेका सशस्त्र प्रहरीका तिन पूर्वमहानिरीक्षक (आईजीपी) अख्तियारले मागेको धरौटी बुझाई आइतबार साँझ तारेखमा छुटेका छन् । अख्तियारले उनीहरू सशस्त्र प्रहरी प्रमुख भएको बेला सामान ढुवानीमा भ्रष्टाचार गरेको देखिएको भन्दै तारेखमा छाड्न धरौटी माग गरेको हो ।

अख्तियारले पूर्वआईजीपीहरूमध्ये सनतकुमार बस्नेतसँग सबैभन्दा बढी धरौटी माग गरेको हो । अख्तियारले बस्नेतसँग ८ करोड, शैलेन्द्रकुमार श्रेष्ठसँग १ करोड र वासुदेव ओलीसँग ७० लाख रुपैयाँ माग गरेको थियो ।

अख्तियारले सामान ढुवानी प्रकरणमा बहालवाला प्रमुख कोषराज वन्तकै जसरी बिल मात्रै बुझाउने र खरिद नगरी सरकारी रकम दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्दै आइतबार दिउँसो कार्यालयमा बोलाई बयान लिएको थियो । धरौटी बुझाउने वा हिरासतमा बस्ने दुईमध्ये एक विकल्प रोज्नुपर्ने भएपछि तिनैजना पूर्वआईजीपीले अख्तियारले तोकेको धरौटी रकम जम्मा गरेका हुन् । बस्नेत सिटिजन्स इन्टरनेसनल बैंक, श्रेष्ठले इन्भेस्टमेन्ट बैंक र ओली कुमारी बैंकलाई ग्यारेन्टी राखेर साँझ ७ बजे अख्तियारबाट बाहिरिएका थिए ।

'अनुसन्धानका लागि हिरासतमा लिने अथवा धरौटी बुझाउने भन्ने अख्तियारको सवालमा उनीहरूले धरौटी बुझाउने बताएपछि रकम जुटाएर रिहा भएका हुन्,' अख्तियारका प्रेस संयोजक भवानी सुवेदीले भने ।

विभिन्न ठेक्कापट्टा प्रकरणमा अनियमितता गरेको उजुरी उनीहरूविरुद्ध परेको थियो । सशस्त्रका निलम्बित आईजीपी वन्तसँग पनि अख्तियारले १० करोड रुपैयाँ धरौटी लिएको थियो । वन्तको धरौटीमा पनि सिटिजन्स बैंक जमानी बसेको थियो । उनीहरूले आफ्नो कार्यालयमा ढुवानीको नक्कली बिल बनाई १५ करोड रुपैयाँभन्दा बढी भ्रष्टाचार गरेको अभियोग लगाइएको छ ।



### बस्नेत ८ करोड, श्रेष्ठ १ करोड र ओली ७० लाख धरौटी बुझाई तारेखमा छुटे

वन्तकै बयानका आधारमा उनीहरूलाई अख्तियारले नियन्त्रणमा लिई अनुसन्धान सुरु गरेको थियो । स्रोतका अनुसार सामान ढुवानीको बिलसमेत बागबजारको छापाखानामा बनाई कार्यालयमा पेस गरेर भुक्तानी लिएको समेत फेला परेको छ ।

अख्तियारले हालसम्म संकलित सबुद प्रमाण एवं सम्बन्धित व्यक्तिहरूको बयानसमेतको प्रारम्भिक अनुसन्धानबाट आफ्नो कार्यालयका विभिन्न आर्थिक वर्षमा सामान खरिद गरी मातहतका युनिटहरूमा ढुवानी गरेको भनी झुटा बिल भर्पाई तयार गरेको दाबी गरेको छ । साथै, ढुवानी गर्न ट्रान्सपोर्ट कम्पनीहरूको बिलसमेत आफैंले छपाइ गरी, गर्न लगाई सामान ढुवानी गरेको देखाई अस्वाभाविक मूल्य राखी बिल बनाई व्यापक आर्थिक अनियमितता गरेको खुल्न आएको जनाएको छ ।

उसले धरौटी जमानत माग गरेको रकम बराबरको बैंक जमानत दाखिला गर्न ल्याएकाले धरौटी जमानत लिई तारिखमा राखी थप अनुसन्धान कारबाही भइरहेको विज्ञप्तीमार्फत जनाएको छ । नेपाल प्रहरीको पुलिस क्लब, नेपाली सेनाको आर्मी क्लबजस्तै सशस्त्र प्रहरी बलले एपीएफ क्लब स्थापना गरेको छ । क्लबमा विभिन्न विधाका झन्डै ४ सय खेलाडी आबद्ध छन् । तीमध्ये सय जना करारमा नियुक्त छन् । ती खेलाडीको खर्च भने कुनै वैधानिक कोषबाट विनियोजन हुने गरेको छैन । क्रिकेटका पारस खड्का, ज्ञानेन्द्र मल्लदेखि फुटबलका नवीन लामा, अञ्जन विष्ट, रञ्जन विष्टलगायतलाई सशस्त्रले मासिक तलबमा राखेको छ । उनीहरूलाई वैधानिक स्थानबाट खर्च नजुटाउँदा यस्तो अनियमितता भएको हो ।

(बाँकी पृष्ठ ३ मा)

## प्रधानमन्त्री–दाहाल भेटवार्ता

**काठमाडौं/रास-** प्रधानमन्त्री केपी शर्मा ओली र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालबिच आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासँगको वार्ता छिट्टै निष्कर्षमा पुऱ्याउने सहमति भएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार भएको छलफलमा उनीहरूबिच त्यस्तो सहमति भएको हो ।

आइतबार नै संघीय समाजवादी फोरम नेपालका वरिष्ठ उपाध्यक्ष रामनरेश यादवले पनि प्रधानमन्त्री ओलीसँग मोर्चाको मागमा केन्द्रित रहेर छलफल गरेका थिए ।

भेटवार्तामा एमाओवादी अध्यक्ष दाहालले उच्चस्तरीय राजनीतिक समितिको संयोजकको हैसियतले विभिन्न दलका नेताहरूसँग भएको छलफलबारे प्रधानमन्त्री ओलीलाई ब्रिफिङ गरेको प्रधानमन्त्रीका प्रेस सल्लाहकार प्रमोद दाहालले जानकारी दिए ।

(बाँकी पृष्ठ ३ मा)

राजधानी कुरी-कुरी
-उत्तम नेपाल




सही भन्नु भो ! मुलुकमा जातीय भेदभाव, दोन्द, मार-काट, हिंसा, भष्टाचार, कालो-बजारी जो चलिरहेको छ !!!

# कहाँ गयो साढे ४ लाख सिलिन्डर ग्याँस ?

**लक्ष्मी सापकोटा/राजधानी**
काठमाडौं, १२ मंसिर

आधा सिलिन्डर ग्याँसका लागि महिनौं पालो कुर्दा पनि नपाएका सर्वसाधारण दिनहुँ ग्याँसका बुलेट भित्रिएको समाचार सुनेरै चित्त बुझाउन बाध्य छन् । अघोाषित नाकाबन्दीका कारण सामान्य अवस्थामा जस्तै ग्याँस आउन नसके पनि १२ दिनमा मात्रै १ सय ७७ बुलेट ग्याँस भित्रिए पनि ती ग्याँस कहाँ गए र कसले ग्याँस पायो भन्नेबारे उपभोक्ता अन्योलमा छन् ।

गत १ पुसयता भारतबाट ४ लाख ४२ हजार ५ सय सिलिन्डर पुग्ने १ सय ७७ बुलेट ग्याँस नेपाल भित्रिएका छन् । सो अवधिमा भित्रिएको ग्याँसमध्ये ५० प्रतिशत ग्याँस उपत्यकामा मात्रै आएको छ । तर, उपत्यकावासी भने ग्याँस नपाएर निकै सास्ती खेपिरहेका छन् । यस अवधिमा भित्रिएको ग्याँस ७ दशमलव १ केजीका दरले वितरण गर्दा ४ लाख ४२ हजार ५ सय उपभोक्तालाई पुग्छ । तर, अधिकांश उपभोक्ताले अझै पनि ग्याँस पाउन सकेका छैनन् । ग्याँसको आपूर्ति बढ्दै गए पनि उपभोक्ताले भने अझै पाउन सकिरहेका छैनन् । सुरक्षा निकायका उच्च अधिकारीले आवश्यकताभन्दा बढी ग्याँस राखेका कारण पनि सर्वसाधारणले पाउन नसकेका हुन् ।

वितरण प्रणाली व्यवस्थित र पारदर्शी नहुँदा मुलुकमा भित्रिएको ग्याँस उपभोक्ताले पाउन नसकेको दाबी गर्छन्, राष्ट्रिय उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमिल्सेना । 'सोर्सफोर्सका आधारमा पहुँचवालाको घरमा ग्याँस जाने गरेका छन्,' उनी भन्छन्, 'उद्योगले व्यापारिक प्रयोजनका लागि होटेल, रेस्टुरेन्टलाई धेरै ग्याँस दिंदा उपभोक्ताले पाउन सकेका छैनन् ।' पुस महिनादेखि रक्सौलबाहेक अन्य नाका नियमित रूपमा सहज भएसँगै ग्याँसको आयात बढ्दै गएको नेपाल आयल निगमको तथ्यांकले देखाउँछ । ग्याँस आउने क्रम बढेको भए पनि उद्योगीले बढी मूल्य लिई होटल रेस्टुरेन्टलाई वितरण गरेकै कारण आम उपभोक्ताले पाउन नसकेका हुन् ।



नेपाल आयल निगमका प्रवक्ता मुकुन्द घिमिरे पनि केही दिनदेखि ग्याँसको आयात नियमित रूपमा भइरहेको स्विकार्छन् । रक्सौलबाहेक अन्य सबै नाकाबाट आपूर्ति सहज भइरहेको छ,' उनले भने, 'लोडिङ भएर नाकामा रोकिएका सबै बुलेट मुलुक भित्रिसकेका छन् ।' नेपाल ग्याँस बिक्रेता महासंघका महासचिव चन्द्रबहादुर थापा भने डिलरमा पर्याप्त ग्याँस नआउँदा सबै उपभोक्ताले पाउन नसकेको बताउँछन् ।

'चरम अभावको समयमा उद्योगले सुरक्षाको कारण देखाउँदै उद्योगबाटै ग्याँस बिक्री गरिरहेका छन्,' उनले राजधानीसँग भने, 'उद्योगसँग उपभोक्ताको पहुँच नहुँदा अभाव कायम रहेको छ ।' उद्योगले नै कालाबजारीमा ग्याँस बिक्री गर्दा आम सर्वसाधारणले ग्याँस पाउन नसकेको आम उपभोक्ताको गुनासो छ ।

'लामो समयसम्म ग्याँसको आपूर्ति सहज नहुनु, वैकल्पिक रूपमा विद्युत्को प्रयोग गर्न पनि लोडसेडिङ बढ्दै जानु र चिसोका कारण इन्धन बढी चाहिने भएकाले पनि ग्याँसको अभाव कायम रहेको छ,' उनले भने, 'राज्यले ग्याँसको आपूर्ति बढाउन नसक्दा उपभोक्ताले सास्ती खेप्नुपरेको हो ।' मुलुकमा भित्रिएको ग्याँस डिलरबाट वितरण गर्न सके जतिसक्दो धेरै उपभोक्ताले पाउन सक्ने उनको भनाइ छ ।

केही समययता अधिकांश कम्पनीका ग्याँस बुलेट आइरहेका बेला पनि सर्वसाधारण भने ग्याँस नपाएर सास्ती खेप्न बाध्य छन् । तिन महिनादेखि ग्याँस पाउने आसमा रहेकी सानेपाकी विनिता थापाले जति प्रयास गरे पनि ग्याँस पाउन नसकेको बताइन् । ग्याँस भित्रिएको समाचार सुने पनि डिलरमा जाँदा ग्याँस नै नआएको भन्दै खाली हात फर्कनुपरेको उनको भनाइ छ ।

(बाँकी पृष्ठ ३ मा)

# दुगड जोगाउन वाणिज्य विभाग नै सक्रिय

**शिव दुवाडी/राजधानी**
काठमाडौं, १२ पुस

मुलुक गम्भीर समस्यामा परेको मौका छोपेर उपभोक्ता ठग्दै खानेतेलमा कालोबजारी गर्ने केएल दुगड समूहको कर्तुत लुकाउन वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग नै लागिपरेको तथ्य फेला परेको छ । बजार अनुगमन तथा कारबाहीको जिम्मेवारी पाएको विभागका पदाधिकारीले नै दुगडसँग आर्थिक लाभ लिएर जोगाउन लागेका हुन् ।

लामो समयदेखि कालोबजारी गर्दै आएको केएल दुगड समूहको गोदाममा छापा मारी आवश्यक कारबाही गर्नुपर्ने भए पनि विभाग पदाधिकारी भने प्रहरीले सुरु गरेको छानबिन प्रक्रियामै असहयोग हुने गरी काम गर्न थालेको छ ।

नाकाबन्दीको कारण देखाउँदै कालोबजारी गरिरहेको केएल दुगड समूहको कर्तुतको ढाकछोप वाणिज्य विभागका महानिर्देशक शम्भु कोइरालाले नै गर्दै आएका छन् । सो समूहबाट आर्थिक लाभ लिएर कोइराला जोगाउन लागेको र उनले लामो समयदेखि संरक्षण गर्दै आएको विभागकै एक अधिकारीको भनाइ छ । कोइरालाले भने प्रहरीले गोदाममा छापा मार्नुअघि त्यस विषयमा आफूहरूलाई कुनै जानकारी नभएकाले अनुगमन गर्न नसकिएको दाबी गरेका छन् ।





यद्यपि, विभाग स्रोतका अनुसार त्यस विषयमा धेरै गुनासो आउँदा पनि विभाग मौन बस्दै आएपछि प्रहरीले नै छापा मारी कालोबजारी गर्दै आएको फेला पारेको थियो । केएल दुगडका सञ्चालकहरूले भने कोइरालालाई भनेजति सहयोग बुझाउने गरेका कारण आफूहरूलाई केही डर नभएको बताउँदै आएको कर्मचारीले बताएका छन् । 'वाणिज्य विभागको हाकिमले जोगाइहाल्छन्, डर नमानी काम गर्नू भन्ने गरेका थिए,' पक्राउ परेका एक कर्मचारीको भनाइ उद्धृत गर्दै अनुसन्धानमा संलग्न एक प्रहरीले भने ।

प्रहरीले सो समूहमाथि मुद्दा चलाउने र फरार अभियुक्तलाई पक्राउ गर्ने योजना बनाइरहेको भए पनि विभागले कुनै सहयोग नगर्ने अडान लिएको छ । महानिर्देशक कोइरालाले प्रहरीले सुरु गरेको अनुसन्धान भएकाले केएल दुगडमाथि कारबाहीका विषयमा विभागले केही नगर्ने बताएका हुन् ।

दुगड समूहलाई प्रत्यक्ष रूपमा सहयोग गर्दै आएका कोइरालाले सो समूहले गरेको कालोबजारीलाई समेत सामान्य रूपमा लिएका छन् ।

उनले केही दिनअगाडि बसेको संसद्को उपभोक्ता हित समितिको बैठकमा समेत नाकाबन्दीपछि रिरुट गरेर कच्चा पदार्थ ल्याउनुपरेकाले सामान महँगो भएको भन्दै दुगडको कालोबजारीलाई जोगाउने प्रयास गरेका थिए । उनले ढुवानी भाडा बढेको र कच्चा पदार्थ आयात गर्न महँगो शुल्क तिर्नुपरेको भन्दै दुगड समूहले झन्डै तेब्बर हुने गरी गरेको मूल्यवृद्धि ठिक भएको बताएका थिए ।

स्रोतका अनुसार नाकाबन्दीपछि केएल दुगड समूहले भारतबाट कुनै कच्चा पदार्थ ल्याएको छैन । भदौमा ल्याएको कच्चा पदार्थबाट उत्पादन भएको तेलको मूल्य दोब्बरदेखि तेब्बरसम्म पारेको थियो । एक उद्योगीका अनुसार मुलुकभित्रको ढुवानी भाडाकै कारण पनि खाने तेलको मूल्य लिटरमा बढीमा ५० रुपैयाँभन्दा बढ्दैन ।

(बाँकी पृष्ठ ३ मा)

# सासूलाई अक्षर चिनाउँदै बुहारी

दीपक बुढा/राजधानी
सुर्खेत, १२ पुस

साविक जर्बुटा गाविस हाल वीरेन्द्रनगर-२३ करेखोलाकी शशिकला मर्छेल ६० वर्ष पुगिन्। सानै उमेरमा विवाह गरेर घर व्यवहारमा व्यस्त भएकी उनलाई पढ्ने अवसर मिलेन। तर, उमेर ढल्किएपछि पढाइको महत्त्व बुझिन्। सुरुमा उनले आफ्नोभन्दा पनि छोराछोरीको पढाइ लेखाइमा ध्यान दिइन्।

उनले भनिन्, 'आफूले त पढिएन पढिएन छोराछोरीलाई पढाएर ठुलो मान्छे बनाउँछु भन्ने सपना देखेको थिएँ तर छोरा छोरीले पढाइ बिचमै छोडे।' छोराछोरी धेरै पढ्न, लेख्न नसके पनि आफ्ना लागि केही गर्न त सक्ने भए। तर, आफ्नो पढाइ नभएकामा सधैं पछुतो हुने गरेको दुखेसो पोखिन ससिकलाले।

'भत्ता (सामाजिक सुरक्षा भत्ता) बुझ्न पहिले ल्याप्चेबाट पनि चल्ने गरेको थियो, अहिले नाम लेख्न जान्नुपर्ने नभए भत्ता नपाईने हल्ला चल्यो,' उनले भनिन्, 'भत्ताकै लागि भए पनि नाम त लेख्नुपर्छ भन्ने भयो तर कहाँ कसले सिकाउँथ्यो र मलाई मात्रै।'

शशिकलाको मनोकांक्षा पूरा गर्ने अन्य कोही भएनन। अन्ततः उनकै बुहारी बिर्मा मर्छेल भइन्। पढ्न लेख्न जान्ने बुहारी बिर्माले आफ्नी सासूआमालाई १२ दिनमा अक्षर सिकाइन्। नाम लेख्न र अक्षर चिन्ने शशिकलाले भनिन्, 'मेरो जीवनमा नसोचेकै कुरा भयो, अब म जुनसुकै काम गर्दा आफ्नो नाम लेख्न जान्ने भएको छु।'

त्यस्तै, वीरेन्द्रनगर-२३ करेखोलाकै तीर्था सारुले ४२ वर्षीय सासू मनकुमारी सारुलाई अक्षर सिकाइनँ। पढ्न लेख्न नजान्ने



मनकुमारीलाई अक्षर चिनाउन १५ दिन लागेको उनले बताइन्। 'धेरै पटक अभ्यास गराएपछि उहाँ आफ्नो नाम लेख्न र अक्षर चिन्न सक्नुहुन्छ,' आफूले सासूलाई अक्षर सिकाएपछि सासु-बुहारीको सम्बन्धसमेत राम्रो भएको तीर्थाको अनुभव छ।

६१ वर्षीय कौशीला नाम्जाली वीरेन्द्रनगर-२३ करेखोला निवासी हुन्। ५ सन्तानकी आमा कौशीलाले पनि पढाइको महत्त्व ढिलै बुझिन। उनले भनिन् 'उमेरमा पढिएन, उमेरले डाँडो काटेपछि पढ्नुपर्ने रहेछ भन्ने सोच आयो।' छोराछोरी सबैलाई पढाउन सुरु गरिन्। छोराहरूले बिचमै पढाइ छोडे तर छोरीले भने १२ कक्षा पास गरेको उनले सुनाइन्।

साक्षरता कक्षामा एक पटकसमेत सहभागी नभएको उल्लेख गर्दै कौशीलाले भनिन्, 'भत्ता बुझ्न लाप्चेबाट नचल्ने भयो भन्ने थाहा भयो। अक्षर चिनाउन कसलाई भन्नु। छोराछोरीलाई भनौं भने सबै आफ्नो काममा व्यस्त हुने। केही भन्यो भने यो बुढिलाई मर्नेबेला किन पढ्न रहर जाग्यो भन्लान भन्ने पिर।'

कौशीलाको अक्षर चिन्ने सपना एक दिन छिमेकी नाताले बुहारी पर्ने भूमिसरा सारूले पुरा गरिदिइन्। एक पटक पनि साक्षरता कक्षामा नबसेकी कौशिलाले ७ दिनमै अक्षर चिनेर आफ्नो नाम लेख्न सक्ने भएको भूमिसाराले बताइन्। उनले भनिन्, 'साँझ बिहानको समयमा अक्षर चिनाउँदै नाम लेख्न सिकाएँ। नाम लेख्न सक्ने भएपछि उहाँ धेरै खुसी भएर मलाई आर्शीवाद दिनुभयो।'

वीरेन्द्रनगर-२३ करेखोलाकै चन्द्रा वौडेलले आफ्नी वृद्ध सासू पविसरा वौडेल र ससुरा कर्ण बहादुर वौडेललाई अक्षर चिनाईन। सामान्य लेखपढ गर्न नजान्ने, आफनो नाम समेत लेख्न नसक्ने सासूससुरालाई केही दिनको अभ्यासपछि नाम लेख्न र अक्षर चिन्ने बनाएको चन्द्राको भनाइ छ।

उनले भनिन्, 'घरमै निरक्षर भएपछि बाहिरभन्दा घरकै सासूससुरालाई अक्षर चिनाउने छलफल केन्द्रले जिम्मा दियो। मैले त्यो जिम्मेवारी पूरा गरेँ।'

सासूलाई अक्षर चिनाउने बिर्मा, तीर्था, भूमिसरा र चन्द्रा प्रतिनिधि हुन्। उनीहरू जस्तै २८ जना बुहारीहरूले आफ्नो परिवारका सासूससुरा, बुवा, आमा, बाजे, छिमेकीलाई अक्षर चिनाएका छन्।

चेतना छलफल केन्द्रमा सहभागी भएका उनीहरूले एक सातादेखि १५ दिन लगाएर एकजनाले दुई/दुईजना साक्षर बनाएको समाज जागरण केन्द्र (स्याक) नेपालका सामाजिक परिचालक संगीता कुमालले जानकारी दिइन्। छलफल कक्षामा २८ जना महिलाहरू सहभागी भएका थिए। उनीहरूले कुल ५६ जना निरक्षरलाई साक्षर बनाएका थिए।

२०७१ जेठ २९ गते पूर्ण साक्षर घोषणा भएको जर्बुटामा अहिले पनि निरक्षर धेरै रहेको स्थानीयको दाबी छ। जिल्ला शिक्षा कार्यालय सुर्खेतको तथ्यांकअनुसार महिला, पुरुष गरी जिल्लाभरि कुल ७ हजार ९ सय २९ जना निरक्षर रहेका छन्। साक्षर भएका नवसाक्षरको सिकाइलाई निरन्तरता दिई जीवनयापनमा सहज बनाउन चालु आर्थिक वर्षमा निरन्तर साक्षर कक्षा सञ्चालन गर्ने तयारी भइरहेको सहायक जिल्ला शिक्षा अधिकारी ध्रुवराज पौडेलले जानकारी दिए।

सुर्खेत जिल्लामा २ सय ५० ओटा निरन्तर साक्षर कक्षा सञ्चालनको तयारी गरिएको छ। पुस १५ गतेदेखि ४ महिनासम्म सञ्चालन हुने कक्षाबाट ३७ सय ५० जनाले अक्षर चिन्ने बताइएको छ।

सरकारले विगतदेखि निरक्षरलाई साक्षर बनाउन कक्षा सञ्चालन, विद्यार्थी परिचालन गर्दै आएको छ। निरक्षरको पहिचान गरी घरपरिवारकै सदस्य, बुहारीहरूलाई समेत परिचालन गरेर साक्षरता अभियानलाई सफल बनाउन सकिन्थ्यो कि?

# सरकारबाट बाहिरिने हल्ला मात्रै : दाहाल

राजधानी संवाददाता
मोरङ, १२ पुस

एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले आफ्नो पार्टी सरकारबाट बाहिरिने हल्ला मात्रै भएको बताएका छन्।

आइतबार विराटनगरमा सञ्चारकर्मीसँगको कुराकानीमा उनले सरकारलाई अझ प्रभावकारी बनाउनेतर्फ पार्टी अग्रसर रहेको बताए। 'हाम्रो ध्यान नाकाबन्दी कसरी हटाउने र मधेसी मोर्चासँगको वार्तालाई कसरी परिणाममुखी बनाउन सकिन्छ भन्नेमा छ,' अध्यक्ष दाहालले भने।

शनिबार विराटनगरमा भएको मोर्चा-प्रहरीको झडपमा घाइते भएका सद्भावना अध्यक्ष राजेन्द्र महतोको शीघ्र स्वास्थ्यलाभको कामना गरेका अध्यक्ष दाहालले मधेश आन्दोलनको निकास चाँडै निस्कनेमा विश्वास व्यक्त गरे। उनले भने, 'मधेस आन्दोलनको समस्या



समाधानका लागि घनीभूत रूपमा छलफल भइरहेको छ, चाँडै निकास निस्कन्छ।'

संविधान संशोधन विधेयकलाई परिमार्जन गर्नुपर्ने मोर्चाको मागको चर्चा गर्दै अध्यक्ष दाहालले विधेयक परिमार्जन गरेर संयन्त्र निर्माण गरी तिन महिनाभित्र सीमांकनको विषयमा टुंग्याउने विषयमा मोर्चालाई सुनिश्चितता दिलाइए वार्ता सफल हुने जिकिर गरे। यसैबिच एमाओवादी अध्यक्ष दाहालले स्थानीय जनताको चाहाना अनुसार मात्रै प्रदेशको सीमांन हेरफेर हुने बताए।

अनेरास्ववियु क्रान्तिकारी मोरङको १४औं जिल्ला सम्मेलनको विराटनगरमा उद्घाटन सत्रलाई सम्बोधन गर्दै उनले झापा, मोरङ र सुनसरीलाई जनताको चाहाना विपरित कतै गासिदेलान भन्ने चिन्ता नगर्न आग्रह गरे। सो क्रममा उनले गणितीय आधारमा आफ्नो दल तेस्रो स्थानमा रहे पनि राष्ट्रिय राजनीतिमा एमाओवादीकै एजेन्डा वरिपरि रहेको बताए।

कार्यक्रममा शिक्षामन्त्री गिरिराजमणि पोखरेलले, नयाँ संविधान निमार्णसँगै अब मुलुकले विकासको गति समाउने बताए। यसअघि अध्यक्ष दाहाल एमाओवादी सचिव तथा शिक्षामन्त्री गिरिराजमणी पोखरेलको बुबा चन्द्रमणि पोखरेलको १३औं दिनको पुण्य तिथिमा आयोजित श्रद्धाञ्जली सभामा सहभागी भएका थिए। अखिल क्रान्तिकारीको सम्मेलन सोमबार नयाँ नेतृत्व चयन गर्दै सम्पन्न हुने छ।

# 'संविधानको उपहार नाकाबन्दी'

**पर्वत/रास-** उपप्रधानमन्त्री चित्रबहादुर केसीले नेपाली जनताले ६५ वर्षदेखि प्रतीक्षा गरेको संविधान जारी गरेको अवसरमा उपहार स्वरूप भारतले नाकाबन्दी गरेको बताएका छन्।

आइतबार बागलुङको बलेवामा आयोजित एक कार्यक्रममा उनले संविधान जारी गर्नु बाध्यता रहेको तर त्यही बाध्यताले गर्दा जनताले नाकाबन्दी उपहार पाएको बताएका हुन्।

उपप्रधानमन्त्री केसीले जुन कारण देश समस्यामा परेको छ, सो कुरा जनतालाई बताउन राजनीतिक दलहरू तयार रहनुपर्ने बताए।

केसीले नाकाबन्दीका कारण नेपाली जनताले निकै ठुलो सास्ती बेहोरी रहेको र असहमतिका बाबाजुद पनि संविधान मान्न सबैलाई आग्रह गरे। नेपालको संविधानको मुख्य उपलब्धि गणतन्त्र र सीमान्तकृत



समुदायको अधिकार संरक्षित भएको हुँदा त्यसलाई सबैले समर्थन गर्नुपर्ने उपप्रधानमन्त्री केसीको भनाइ छ। संविधानको उल्टो व्याख्या गरेर नेपाली जनतालाई केही दलहरूले गलत सन्देश दिइरहेको बताउँदै त्यस्तो गलत सन्देशको पछाडि नलाग्न आग्रह गरे।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष समेत रहेका केसीले अर्को एक फरक प्रसंगमा नेपालका कतिपय सहकारीले जनतालाई ठगी गरिरहेको बताउँदै त्यसबाट जोगिन आग्रह गरे।

# बाघको छालासहित दुई भारतीय पक्राउ

**सुनसरी/रास-** सुनसरीको इटहरीबाट आइतबार पाटे बाघको आलो छालासहित दुई भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय इटहरीले इटहरी-१० स्थित डुमटोलबाट भारतको राजस्थान जोतपुरका १९ वर्षीय राजु बागडी र ३५ वर्षीय रामदेव बागडीलाई ८० हजार रुपैयाँ र छालासहित पक्राउ गरेको हो।

उनीहरूले भारतबाट अवैध रूपमा वन्यजन्तुको छाला चोरीसिकारी गरी नेपालमा महँगो मूल्यमा बिक्री गर्ने गरेको सूचनाको आधारमा पक्राउ गरेको इटहरीका डीएसपी ओम अधिकारीले बताए।

बाघलाई छर्रा हनी मारेर छाला काटेको हुन सक्ने प्रहरीको अनुमान छ। दुवैलाई आइतबार जिल्ला वन कार्यालय सुनसरीमा छाला सहित बुझाइने डीएसपी अधिकारीले बताए।

## छोटकरी

### खोलामा डुबेर बालकको मृत्यु

**नवलपरासी/रास-** नवलपरासीको दुम्कीवासमा आइतबार दिउँसो खोलामा डुबेर एक बालकको ज्यान गएको छ। इलाका प्रहरी कार्यालय दुम्कीवासका अनुसार आइतबार दुम्कीवास-६ निवासी शोभा विकका ५ वर्षीय छोरा अनुप विकको घर निजकैको खोर खोलामा नुहाउने क्रममा डुबेर मृत्यु भएको हो।

### पूर्वाञ्चलभर टेलिफोन सेवा अवरुद्ध

**खोटाङ/रास-** अप्टिकल सिस्टममा समस्या आएपछि पूर्वाञ्चलभरि टेलिफोन सेवा अवरुद्ध भएको छ। हेटौंडाको हरिवनमा रहेको मुख्य टावरको अप्टिकल सिस्टममा शनिबारदेखि समस्या आएपछि पूर्वाञ्चलभरि टेलिफोन सेवा अवरुद्ध भएको हो।

हेटौंडाको हरिवनमा रहेको मुख्य टावरबाट पूर्वाञ्चलका लागि लहानमा रहेको टावर हुँदै जाने 'ब्यागबोन' तरङ रोकिएकाले पूर्वाञ्चलभरिका टेलिफोनमा समस्या रहेको नेपाल टेलिकम क्षेत्रीय निर्देशानलय विराटनगरका उपप्रबन्धक देवेन्द्र खतिवडाले जानकारी दिए।

उनका अनुसार टेलिफोनमा आएको खराबीले लाखौं सेवाग्राही मारमा परेकाले टेलिफोन तत्काल सञ्चालनमा ल्याउन प्राविधक खटिरहेका छन्। अप्टिकल सिस्टममा आएको समस्यले जीएसएम प्रीपेट पूर्णरूपमा अबरुद्ध रहेको टेलिकमले जनाएको छ। जीएसएमको थ्रीजी र स्काइ मोबाइलमा सामान्य समस्या रहेको टेलिकमले जनाएको छ

### बौलाहा कुकुरको टोकाइबाट १५ घाइते

**बाजुरा/रास-** जिल्लाको साप्पाटा गाविसमा बौलाहा कुकुरले टोकेर १५ जना बढी घाइते भएका छन। बौलाह कुकुरबाट गाउँमा त्रास फैलिएको स्थानीयका शिक्षक मनबहादुर रोकायाले बताए। कुकुरको टोकाइबाट घाइते हुनेहरूको कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ। बौलाहा कुकुरले टोकेर गाउँमा चौपाया समेत बौलाएको साप्पाटाका शीतल विकले बताए।

साप्पाटा-७ पर्ने वामन थानमा स्थानीयले पालेका गाई र कुकुर बौलाएर मान्छे र चौपायालाई टोक्न थालेको स्थानीयले बताएका छन्। कुकुर र गाईभैंसी बौलाउँदा वन पात जाने महिला र विद्यालय जाने विद्यार्थीलाई समेत हैरान भएको छ भने विद्यालय बन्द गर्नु पर्ने अवस्था आएको एक शिक्षकले बताए।

घरपालुवा गाई र कुकुर कसरी बौलाए भने बारे कसैलाई जानकारी नभएको स्थानीय प्रकाशबहादुर बमले बताए। उनले भने, 'गाउँमा गाई र कुकुर बौलाएपछि स्थानीयलाई हैरानी भएको छ। मानिसहरूमा भाग दौड मच्चिएको छ।' चौपाया किन बौलाए सोबारे कुनै जानकारी नभएको स्थानीयले बताए।

# जगदम्बा स्टिल उद्योगमा आगलागी

सुभाष साह/राजधानी
बारा, १२ पुस

बाराको गढीमाई नगरपालिका-१ सिमरास्थित जगदम्बा स्टिल प्रालिमा आइतबार बिहान आगलगी भएको छ।

उद्योग प्रशासनका कुमोद ढकालका अनुसार बिहान उद्योगभित्र रहेको विद्युत् सर्ट भई आगलगी भएको हो। ढकालका अनुसार जेआई प्लान्टभित्र आगलगीले बढी क्षति भएको छ। आगलगीले २५ लाख रुपैयाँ बढीको क्षति भएको



अनुमान छ।

वीरगन्ज, हेटौंडा, परवानीपुर, सिमरा लगायतका ठाउँबाट आएका बारुण यन्त्र, स्थानीय प्रहरी, मजदुरलगायतको सहयोगमा आगलगी नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ। अचानक विद्युत् सर्ट भई आगलगी भएपछि त्यसको बारेमा थप अनुसन्धान भइरहेको उद्योग प्रशासन र प्रहरीले जनाएको छ।

यता, पत्रिका बोकेको गाडीमा आइतबार बिहान संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले आगजनी गरेका छन्।

वीरगन्जबाट पत्रिका पुऱ्याएर भरतपुरतर्फ जाँदै गरेको बा१३च ४९५ नम्बरको गाडी बाराको लिपनीमाल-६ परवानीपुरमा मोर्चाका कार्यकर्ताले आगजनी गरेका हुन्। मोर्चाका कार्यकर्ताले गाडीमा पेट्रोल छर्केर आगलगी गरेका थिए।

### कहाँ गयो...

सामान्य अवस्थामा बजारमा दैनिक ५५ देखि ६० बुलेट (हजार मेट्रिक टन) ग्याँसको माग हुने गरेको छ। चार महिनादेखि अघोषित नाकाबन्दीले ग्याँसको आयात नियमित हुन सकेको छैन। जसको कारणले गर्दा पनि बजारमा ग्याँसको अभाव कायमै रहेको छ। उद्योगीले भने सर्वसाधारणलाई ग्याँस नदिएको यथार्थ मान्न तयार छैनन्। उद्योगमा आएको ग्याँस डिलरमार्फत वितरण गरिरहेको उनीहरूको दाबी छ।

अभावको फाइदा उठाउदै केही तस्करले तराईबाट गाडीको छतमा राखेर उपत्यकामा ल्याई कालोबजारीमा ग्याँस बेच्ने गरेको बिक्रेताको भनाइ छ। कालोबजारीमा ग्याँस बेच्नेलाई तत्काल कारबाही गर्नुपर्ने उपभोक्ताको भनाइ छ। अहिले सम्बन्धका आधारमा प्रतिसिलिन्डर ८ हजार रुपैयाँमा उपभोक्ता खरिद गर्न बाध्य छन्। आयल निगमका अनुसार अहिले कुल मागको १५ देखि २० प्रतिशतका दरले ग्याँसको आयात भइरहेको छ। मासिक कोटा भने २९ हजार मेट्रिक टन रहेको छ।

### सशस्त्रका तिन...

निलम्बित महानिरीक्षक वन्तले दिएको बयानअनुसार सशस्त्र प्रहरी बलमा खरिद गरिने विभिन्न सामानका नक्कली बिल तथा भर्पाई बनाएर आफ्नो क्लबमा खेल्ने खेलाडीको खर्च जुटाइने गरिएको छ। 'मैले मात्र यसरी खेलाडीको खर्च धानेको होइन, पूर्वआईजीपीहरूले पनि नक्कली बिल र भर्पाई बनाउने गरेका थिए, मैले त त्यसैलाई निरन्तरता दिएको हो,' वन्तको यस्तो बयानपछि अख्तियारले तिनैजनालाई अनुसन्धानको दायरामा ल्याएको स्रोतले जनाएको छ।

### प्रधानमन्त्री–दाहाल...

शनिबार कांग्रेस, एमाओवादी र मोर्चाका नेताहरूबिच एमालेसँग छलफल गरेर मोर्चाको माग सम्बोधन र संविधान संशोधनबारे साझा धारणाका लागि थप छलफल गर्ने सहमति भएको थियो।

त्यसअनुसार समितिको संयोजकको हैसियतमा दाहालले प्रधानमन्त्री ओलीसँग छलफल गरे पनि चार पक्षीय बैठक भने बस्न सकेन।

मोर्चाले आफ्ना ११ बुँदे मागलाई प्याकेजमा सम्बोधन नगरीकन संविधान संशोधन विधेयक पारित गर्नुको औचित्य नहुने भन्दै निरन्तर संसद् अवरुद्ध गर्दै आएको छ। कांग्रेस, एमाले र एमाओवादी मोर्चाको माग सम्बोधनका लागि संविधान संशोधनमा भाषा सच्याउन तयार रहे पनि तत्काल सीमांकन हेरफेरको माग सम्बोधन गर्न भने असहमत छन्।

एमाओवादी अध्यक्ष दाहालका प्रेस सहयोगी शिव खकुरेलले पनि शनिबार कांग्रेस, एमाओवादी र मोर्चाबिचको शनिबारको त्रिपक्षीय छलफलबारे दाहालले प्रधानमन्त्रीलाई ब्रिफिङ गरेको जानकारी दिए। दाहाल स्वयं मोर्चाको माग सम्बोधनका लागि केही दिनयता सक्रिय रहँदै आएका छन्। तर, मोर्चा भने वार्ता निष्कर्षमा नपुगेसम्म संसद्मा संविधान संशोधन प्रक्रिया स्थगन गर्नुपर्ने मागबाट टसमस भएको छैन।

त्यस्तै, प्रधानमन्त्री ओली र समाजवादी फोरम नेपालका वरिष्ठ उपाध्यक्ष रायबिच मधेस केन्द्रित आन्दोलन र समस्या समाधानका सम्बन्धमा छलफल भएको प्रेस सल्लाहकार दाहालले जनाएका छन्। त्यसक्रममा रायले तराई मधेसका अहिलेका समस्याबारे प्रधानमन्त्रीलाई जानकारी गराएका थिए। जवाफमा प्रधानमन्त्री ओलीले समस्या समाधानका लागि आफू गम्भीरतापूर्वक लागिपरेको बताएका थिए।

### दुगड जोगाउन...

नाकाबन्दीको मौका छोपेर विभिन्न बहाना बनाई उपभोक्ता ठगी गर्दै आएको केएल दुगड समूहका सञ्चालकद्वय किसनलाल दुगड र नरेश दुगड पक्राउ पर्ने डरले प्रहरीले छापा मार्नुअगावै भारततिर भागेका थिए। उनीहरूले हाल भारतबाटै आफूहरूमाथि लागेको आरोपलाई कमजोर बनाउन पहल गर्दै आएका छन्। उनीहरूकै दबाबमा गृहमन्त्री शक्ति बस्नेतले काठमाडौंका प्रमुख जिल्ला अधिकारीको सरुवा गरेको स्रोतको दाबी छ। वाणिज्य विभागका महानिर्देशक कोइरालाले काठमाडौंका प्रमुख जिल्ला अधिकारी एकनारायण अर्यालले मुद्दा कमजोर बनाउने काममा सहयोग नगर्ने बताएपछि भारतबाटै दुगडद्वयले आर्थिक प्रलोभनमा पारी मन्त्री बस्नेतलाई उनको सरुवा गरेका थिए।

खानेतेलको बजारमा आफ्नो वर्चस्व कायम राख्दै आएको केएल दुगड समूहले विगतमा जसरी नै पैसाको बलमा कारबाहीबाट जोगिने र कालोबजारी जारी राख्ने नीति यस पटक पनि अवलम्बन गर्न खोजेको छ। समूहको त्यही रणनीति बुझेपछि भारतबाटै भए पनि पक्राउ गरेर ल्याई उनीहरूमाथि आवश्यक कारबाही गर्ने निष्कर्षमा प्रहरी पुगेको छ।

दुगड समूहको उच्च नेतृत्व हाल भारतमा रहेको जानकारीमा आएकाले उनीहरूलाई त्यहीँबाट पक्राउ गरी ल्याउन आवश्यक पहल भइरहेको महानगरीय प्रहरी प्रमुख विक्रमसिंह थापाले बताए। यसका लागि आवश्यक तयारी भइरहेको उनको भनाइ छ। प्रहरीले समूहका अध्यक्ष किसनलाल र नरेशलाई कालोबजारीअन्तर्गत सरकारी वकिलको कार्यालयमा मुद्दा बुझाइसकेको छ।

दुगड समूहअन्तर्गतको स्वस्तिक आयल इन्डस्ट्रिजले नाकाबन्दीको मौका पारी खानेतेलको मूल्य दोब्बरभन्दा बढी पारेको थियो। विगत दुई महिनाको अवधिमा खानेतेलको मूल्य दोब्बर हुँदासमेत कसैको ध्यान नगएपछि प्रहरीले काठमाडौंको जडीबुटीस्थित गोदाममा छापा मारी कारबाही थालेको हो। विराटनगरमा रहेको यस उद्योगले स्वस्तिक सोयाबिन तेल, स्वस्तिक हेल्थ, स्वस्तिक वनस्पति घिउ, धारा हेल्थ, धारा लाइट, धारा एक्टिभ, बिगुल तोरीको तेल र सनफ्लावर ब्रान्डको सनफ्लावर तेल पनि उत्पादन गर्दै आएको छ। यस्तै, मेजन ब्रान्डको सनफ्लावर तेलको नेपालको आधिकारिक बिक्रेता पनि केएल दुगड समूह नै हो।


GOVERNMENT OF NEPAL
MINISTRY OF IRRIGATION
DEPARTMENT OF WATER INDUCED DISASTER PREVENTION
WATER INDUCED DISASTER PREVENTION DIVISION OFFICE NO. 17
Birendranagar, Surkhet

INVITATION FOR BIDs

(First Date of Publication: 2072/09/13)

1. Government of Nepal (GON) is executing construction and rehabilitation work through Water Induced Disaster Prevention Division No:17 (WIDPD:17) with its own resources.
2. The Office invites sealed bids from registered Contractors for Rehabilitation/Protection Works to rehab/protect the different areas affected and likely to be affected by flood in Surkhet.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Water Induced Disaster Prevention Division No:17, Birendranagar, Surkhet, Tel: 083-521459, 083-523008.
4. A complete set of Bid Documents may be purchased from the following offices by interested Bidders on the submission of a written request attaching copies of bidder's registration, VAT registration & upon payment of a non-refundable fee of Nepali Rupees one thousand until the 30th day from the first date of publication of this notice.
   a. Water Induced Disaster Prevention Division No:17, Birendranagar, Surkhet
      Tel: 083-521459, 083-523008
   b. District Treasury Controller Office, Birendranagar, Surkhet
      Tel: 083-520110, 083-520770
5. Last date of submission of completed bid documents is by 12.00 hours (Noon) of the 31st day from the first date of publication of this notice at administration section of Water Induced Disaster Prevention Division No:17 Birendranagar, Surkhet. The bidders shall seal the bid in an envelope, addressing the Division Chief, Water Induced Disaster Prevention Division No:17 Birendranagar, Surkhet. Documents received after this deadline shall not be accepted.
6. The submitted bids shall be opened in the presence of Bidder's representative who choose to attend at 14.00 hours on the same day of last date of submission at the office of WATER INDUCED DISASTER PREVENTION DIVISION NO:17 Birendranagar, Surkhet.
7. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of NRs: as mentioned in the table below for each contract, which shall be valid for 30 days beyond the bid validity period. If bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in deposit account no mentioned below and submit the receipt of the deposited amount of cash along with the bid.
   **Account name: District Treasury Comptroller Office A/C No: Ka 1-1-007**
   **Office Code No: 64/357/03 Rajaswa (Revenue) Shirshak No: 14227**
   **Dharauti Account No: 4080203000000**
8. If the last date of purchase and or submission of document fall on GON official holiday, the next working day shall be considered as the last date of purchase and or submission.
9. Bidders are strongly advised to visit site and assess the actual site conditions before submitting their bid.
10. The WIDPD:17 reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S.N | Contract ID | Description and Location of works | Estimated Amount Nrs (Excluding VAT and contingency) | Bid Security (NRs) |
|---|---|---|---|---|
| 1 | NCB/AAP/07/072/073 | Aanpkholi River Training Works in BNP, Surkhet | 21,74,087.10 | 61,500.00 |
| 2 | NCB/SIM&BHR/08/072/073 | River Training Works in Rakam-1, Surkhet | 19,06,010.52 | 54,900.00 |
| 3 | NCB/EMR/09/072/073 | Supply of G,I, Wire crates | 20,24,245.44 | 57,200.00 |
| 4 | NCB/GOC/10/072/073 | Goche Khola River Training Works Sahare ,Surkhet | 23,93,925.32 | 67,700.00 |
| 5 | NCB/ITR/11/072/073 | Itram Khola Training Works in Birendranagar, Surkhet | 21,73,467.86 | 61,400.00 |
| 6 | NCB/KHR/12/072/073 | Khorke Khola Training Works Birendranagar , Surkhet | 19,09,469.16 | 54,000.00 |
| 7 | NCB/NEW/13/072/073 | Neware Khola Training Work Birendranagar, Surkhet | 24,89,411.58 | 70,400.00 |
| 8 | NCB/SIM/14/072/073 | Simta Khola Training Works in Bajedichaur, Kaprichaur, Surkhet | 24,83,943.27 | 70,200.00 |
| 9 | NCB/MAT/15/072/073 | Matela Bazar Protection Works in Matela-6, Surkhet | 33,52,861.71 | 94,800.00 |
| 9 | NCB/BHR/16/072/073 | Bheri River Training Works Tatapani 6,7,8 Surkhet | 41,61,477.41 | 1,18,000.00 |
| 10 | NCB/BHR/17/072/073 | Bheri River Training Works Babiyachaur-1, Tikhakuna Surkhet | 20,48,158.36 | 58,000.00 |

Division Chief

सम्पादकीय

## जलविद्युत् उत्पादनमा गम्भीरताको खोजी

अहिले सर्वसाधारणले ग्याँस नपाएर खाना खानलाई सास्ती छ। ग्याँस र मट्टीतेल नपाउँदा खाना पकाउन उत्तम विकल्प मानिएको बिजुलीको उपलब्धताको स्थिति त झन् दयनीय छ। घोषित रूपमै दैनिक ११ घण्टा लोडसेडिङ गरेर बिहान–बेलुकी खाना पकाउने समयमा बिजुली काटिएको छ। बिजुली पर्याप्त भएमा न ग्याँस, मट्टीतेलको हाहाकार हुन्छ, न इन्धन अभावकै कारण यातायातको असुविधाको चपेटा नै खेप्नुपर्छ। ऊर्जा मन्त्रालयको तथ्यांकले नै आगामी २० महिनासम्ममा गरी १ अर्ब २० करोड रुपैयाँबराबरको १२ करोड २९ लाख लिटर डिजेल उपलब्ध गराएमा खाना पकाउने ग्याँसलाई पुरै प्रतिस्थापन गर्न सकिने उल्लेख छ। जब कि नेपालमा हाल ढुवानीसहित ग्याँसका लागि वार्षिक ३० अर्ब रुपैयाँ भारत जाने गरेको छ। यदि दैनिक ४४ हजार लिटरका दरले डिजेल उपलब्ध गराएमा सदाका लागि ग्याँस आयात अन्त्य हुने ऊर्जा विज्ञहरूको तथ्यलाई सरकारले गम्भीर रूपमा लिनुपर्छ। सामान्य इन्धनको सहजीकरणले यति धेरै ग्याँस आयात विस्थापन हुन्छ भने सरकारले यसलाई सामान्य रूपमा नलिएर विशेष व्यवस्था गर्नुपर्छ। ऊर्जामा परनिर्भरताको अन्त्यका लागि जलविद्युत् उत्पादनलाई विशेष महत्त्व दिन आवश्यक छ।

के प्रशस्त सम्भावना भएको ऊर्जामा हामी आत्मनिर्भर हुन सक्दैनौं ? के विद्युतीय सवारीसाधन सञ्चालन गर्न असम्भव छ ? सधैं अर्को देशबाट इन्धन, ग्याँस ल्याउनै पर्ने बाध्यताबाट मुलुकले पार पाउनै सक्दैन र ? यी र यस्ता धेरै प्रश्न अहिले पनि जल्दोबल्दो रूपमा उठ्ने गरेका छन्। असम्भव भन्ने कुरा छैन। हाम्रै छिमेकी मुलुक भारतले विभिन्न स्रोतबाट हरेक १५ दिनमा १ हजार र अर्को छिमेकी मुलुक चीनले एक सातामै १ हजार मेगावाट विद्युत् उत्पादन गरिरहेको बेला नेपालले उत्पादन नै गर्न नसक्ने हुनै सक्दैन। तर, यसका लागि ऊर्जा क्षेत्रको नेतृत्व गर्नेदेखि सरकारको नेतृत्व गर्नेसम्ममा दृढ इच्छाशक्ति आवश्यक छ। त्यहीअनुरूपको कार्यान्वयनयोग्य योजना र सक्रियता जरुरी छ। यदि सरकारले जलविद्युत् क्षेत्रको उत्पादनका लागि देखिएका सबै बाधा, व्यवधान र अवरोधहरूको अन्त्य गरी द्रुतगतिमा जलविद्युत् उत्पादनका लागि सहजताको भूमिका निर्वाह गर्ने हो भने यो सम्भव छ।

यदि ८ सय ५० मेगावाट थप विद्युत् उत्पादनबाट हाल भइरहेको ग्याँस आयात प्रतिस्थापन हुन्छ र बर्सेनि ३० अर्ब रुपैयाँ बिदेसिनबाट जोगिन्छ भने यसतर्फ सरकार किन गम्भीर नहुने ? भाषणमा जलविद्युत्को विकासका धेरै कुरा आएका छन् तर अब गफ होइन, जलविद्युत् क्षेत्रले काम खोजेको छ। योजना होइन, प्रतिफल खोजेको छ, यति मेगावाट बढी उत्पादन भयो भन्ने स्पष्ट जवाफसहितको उत्तरदायित्व खोजेको छ। यस्तो अवस्थामा सरकार जलविद्युत् उत्पादनका लागि गम्भीर भएर ऊर्जा क्षेत्रको विकासका लागि आजैदेखि सक्रिय हुनु जरुरी छ। ताकि कहिल्यै जलविद्युत् आयोजनामा बाधा, अवरोध आयो र उत्पादनमा ढिलो भयो भन्ने सुन्नु नपरोस्।

# सरकारको औचित्यको खोजी



■ श्यामप्रसाद मैनाली

नेपालमा विभिन्न प्रकारका सरकारहरू अस्तित्वमा देखिएका छन्। यी सरकारमा कुनै साम्यवादीहरूको छ, कुनै प्रजातन्त्रवादीको र कुनै सरकार निरंकुशतावादीको पनि गठन भएका छन्। सरकार गठनका केही दिनसम्म नयाँ सरकारबाट केही राम्रा कामको अपेक्षा जनताले गर्छन्, तर एउटै समाजका उपजका रूपमा विभिन्न कालखण्डमा सरकारमा पुग्नेहरूको गन्तव्य एउटै देखिएको छ। नेपालको राजनीति प्रायः सबै कालखण्डमा हत्या र हिंसाबाट विकसित भएको पाइन्छ। जनताको मन जितेर सत्तामा पुग्नेहरू हालसम्म देख्न पाइएको छैन। जति सरकार बनेका छन्, ती व्यक्तिगत स्वार्थपूर्तिमा तल्लीन भएका छन्। निर्दलीय समयमा आफ्ना समर्थक भजनमण्डलीसम्मको स्वार्थमा ध्यान दिइएको थियो भने बहुदलीय कालमा दलीय नेता व्यक्तिगत दायराबाट माथि उठे भने दलीय स्वार्थपूर्ति गर्नमा तल्लीन छन्। देशबारे खासै चासो लिएको देख्न सकिएको अवस्था छैन।

पञ्चायती व्यवस्थाको अन्त्य भएपछिका बहुदलीय राजनीतिक सरकारमा पुग्नेहरूबारे विश्लेषण गरौं। यस अवधिमा अधिकांश समय प्रजातन्त्रवादीहरूकै शासन देख्न पाइयो। ०१७ सालदेखि देखिएको दलले ०४६ सालको सफल जनआन्दोलनपछि सत्ताको रसास्वादन गर्ने अवसर प्राप्त गर्‍यो। लोकतन्त्रवादीहरूको गलत रवैयाका कारण साम्यवादीहरूले पनि बेलाबखत सरकारको नेतृत्व गर्न पुगे यसबिचमा। १० वर्षसम्म जनयुद्धमा होमिएको माओवादीहरूको परीक्षण गर्न जनताले सत्तामा पुर्‍याइदिए। मूलतः नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी, पूर्वपञ्चहरू र बहुदलवादीलाई समाप्त पारी राजनीति गर्न अग्रसर भएका राजा ज्ञानेन्द्रसहित सत्तामा पुगेका सबैले देश र जनताका पक्षमा आफूलाई उभ्याउन सकेनन्। यी सबैमा केही समानता देखियो। सबै नातावाद र कृपावादलाई प्राथमिकतामा राख्दै असल मानिस होइन, आफ्ना मानिसलाई जिम्मेवारी प्रदान गर्न तल्लीन रहे। योग्यता प्रणालीलाई तिरष्कार गर्दै आफ्ना भजनमण्डली र नातागोतालाई मात्र योग्य देख्ने दृष्टिकोणबाट पीडित हाम्रा राजनीतिज्ञले यसबाट समग्र कार्य सञ्चालनमा पर्न जाने असरबारे सोच्न सकेनन्। यस्ता आफ्ना मानिसहरूबाट भएगरेका गलत क्रियाकलापको सुधारको दिशामा अघि बढ्न नसक्नु उनीहरूको मानवीय कमजोरी रह्यो। यसैगरी अर्को साझा विशेषताका रूपमा निश्चिन्तता र भयरहित हिसाबले भ्रष्टाचारमा संलग्न हुनु हो। पञ्चायती कालमा पञ्चहरू दरबारसँग डराउँथे तर बहुदलीय कालमा राजनीतिज्ञले अभयदान प्राप्त गरेका छन्। आलोपालो सरकारमा पुग्ने र सरकारमा पुग्नेबित्तिकै समान क्रियाकलापमा संलग्नता दिने भएकाले नीतिगत स्तरमा र निर्णय लिइँदा हुने ठुलाठुला भ्रष्टाचारमा सहनशीलता र सद्भाव प्रकट गर्ने संस्कृति दलहरूमा देखिँदै गयो। राजनीतिज्ञहरूबाट भएको भ्रष्टाचारबाट उन्मुक्ति प्राप्त गर्ने संवैधानिक प्रावधान पर्याप्त राखिए। भ्रष्टाचार नियन्त्रण निकायलाई कमजोर बनाउने, यस्ता निकायमा आफूप्रति भक्तिभाव देखाउनेहरूलाई नियुक्ति गर्न प्रतिस्पर्धा गर्ने र निश्चिन्त भई भ्रष्टाचारमा संलग्न हुँदै नवधनाढ्य बन्ने अवसरको उपयोग गर्न प्रायः कोही चुकेनन्। जसलाई सच्चरित्र र इमानदारको प्रतीकका रूपमा जनताले केही आशा गरेका थिए, त्यस्ता व्यक्तिका आसेपासेहरूले देशलाई ठुलै शोषण गरे। राष्ट्रिय चिन्तन र सुसंस्कार भनेकै भ्रष्टाचार गर्नु र गर्न दिनु जस्तै देखियो। भ्रष्टाचारीहरू समाजमा प्रतिष्ठित वर्गमा सम्मानित हुँदै गए। यो गलत प्रवृत्तिलाई निरुत्साहित गर्ने प्रयास विगत ६० वर्षको अवधिमा बिलकुल गरिएन। हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगले केही राजनीतिज्ञको सम्पत्ति छानबिन गर्ने प्रयास गर्दा देशमा ठुलै प्रकोप उत्पन्न भएसरह कोलाहल मच्चाउँदै अख्तियार प्रमुखलाई महाअभियोग लगाउनेसम्मको एजेन्डाले दलहरूका बैठकमा प्रवेश पाएको छ, योभन्दा लज्जास्पद विषय अरू के हुन सक्छ ? तर, सरकार चलाउनेहरूलाई आफ्ना कार्यकर्ता/नेताहरूमाथि छानबिन गर्न अवरोध गर्दा देश र सरकारको छवि देशभित्र र अन्तर्राष्ट्रिय क्षेत्रमा कस्तो हुने हो सोको हेक्कासमेत रहेको पाइएन।

**पहाडलाई अछुतोसरह व्यवहार गरी उठाएका मागहरू पूरा हुँदा भोलि पहाडबाट तराई क्षेत्रमा बसोबास गरिराखेका पहाडीहरूविरुद्ध अशोभनीय व्यवहार हुन सक्छ। आज अघोषित नाकाबन्दी गर्दै छिमेकीले नेपालको आन्तरिक मामिला भनेकोमा भोलिका दिनमा तराई प्रदेशले घोषित नाकाबन्दी झैं गर्न सक्छ।**

हाम्रो राजनीति सरकार गठन गर्ने र सरकार गिराउने अस्वस्थ प्रतिस्पर्धा गर्न गणितीय खेलमा मात्रै तल्लीन रह्यो। राणाहरू १०४ वर्षसम्म इस्ट इन्डिया कम्पनीलाई ताबेदारी गर्दै सत्तामा टिकिरहे। नाम मात्रका राजा, जो दरबारभित्रै व्यक्तिगत सुख सयलमा दिन व्यतीत गरिराखेका थिए, उनले हिन्दुस्तान स्वतन्त्र हुनेबित्तिकै राणाहरूलाई समाप्त पार्ने अवसर लिन पुगे। छिमेकी भारतको सहयोगमा राणाहरूले कोतपर्वमार्फत छिमेकी राजतन्त्रको अधिकार फिर्ता गर्न सफल भए। यस क्रममा जनताको सहयोग लिन राजा त्रिभुवनले विधान सभाको निर्वाचन गर्नेसम्मको घोषणा गरेका थिए। तर, राजतन्त्र बलियो भइसकेको परिस्थितिमा आफ्नो अधिकार जनतालाई दिन राजा तयार थिएनन्। जनताका प्रतिनिधिलाई अलमल्याउने काम राजा त्रिभुवन गर्दै थिए। उनको देहान्तपछि राजा महेन्द्रले विधान सभाको एजेन्डालाई पन्छाई चुनाव गराउँदा नेपाली कांग्रेस जनताको विश्वास पात्र शक्तिशाली दलको रूपमा निर्वाचित भएपछि गण्डकी नदीको जिम्मा भारतलाई लगाई हिन्दुस्तानसँग सम्बन्ध सुधार गरी त्यसैको आडमा शिशु प्रजातन्त्रको गला निमोठी प्रजातन्त्रवादीमाथि ठुलो दमन गरे। हिन्दुस्तानले विशेषगरी जवाहरलाल नेहरूबाट सुरु भएको राजतन्त्रलाई आफूअनुकूल प्रयोग गर्दै जनताका प्रतिनिधिलाई दमन गर्ने काम हालसम्म पनि कायम छ। यसैको निरन्तरताकै क्रममा निर्वासनमा रहेका बीपी कोइरालालगायत नेपाली कांग्रेसका नेतालाई भारतमा बस्न कठिनाइ पर्दै गयो। यसको उपजको रूपमा राष्ट्रिय मेलमिलापको नारासहित बीपी ठुलो खतरा मोल्दै देश भित्रिए। देशभित्र निरंकुश पञ्चायती व्यवस्थाको आडमा पञ्चहरू मात्रै दरबारबाट संरक्षित थिए। यही क्रममा राजा वीरेन्द्रले लिँदै गएको राष्ट्रिय अडानका कारण ०४५ सालमा सकिएको नेपाल-भारत व्यापार तथा पारवहन सन्धिको म्याद विनाकारण भारतले थप नगरी असहज परिस्थितिको सृजना गर्दै गयो, जसको निरन्तरता १३ महिनासम्म रह्यो। यही समयमा भारतले नेपालको राजतन्त्रलाई निश्चित आकारमा राख्ने प्रयास गर्दै नेपालमा प्रतिबन्धित राजनीतिक दललाई प्रजातन्त्र पुनर्वहालीमा सघाउ पुर्‍याउन थाल्यो। ०४६ सालको जनआन्दोलन सफल भयो। निरपेक्ष राजतन्त्र संवैधानिक बन्यो। सन्धिको म्याद थपियो। तर, भारतले अकारण लामो अवधिसम्म नेपाली जनतालाई दिएको पीडाबारे लेखाजोखा गर्न प्रजातन्त्रवादीले आवश्यक सोचेनन्।

प्रजातन्त्र प्राप्ति भएपछि प्राडो पजेरो काण्ड, सांसदहरूको विदेश सयर, भ्रष्टाचार, उपचारको नाममा राष्ट्रिय सम्पत्तिको दुरुपयोग, सांसद किनबेच, सरकार गठन र विघटनका क्रममा सांसदहरूमाथि नियन्त्रण र बन्दी बनाउने काम, उनीहरूलाई सुरा र सुन्दरीको उपभोगमा व्यस्त राख्ने काम, प्रजातन्त्रवादी र साम्यवादीहरू महापञ्चलाई आफ्नो नेता मान्दै सरकारमा सहभागिता दिन प्रतिस्पर्धा गर्ने काम, दलमा विभाजन ल्याउने काम आदि सामान्य बन्दै गए। यही क्रममा जनताले थोरै मात्र पनि मन नपराएको राजनीतिको सानो झुन्डको रूपमा रहेको कम्युनिस्ट घटक संसदीय अभ्यासबाट कहिल्यै सत्तामा हुन नसक्ने निर्णयमा पुगी भूमिगत बन्दै नेपालीहरूको हत्या र हिंसा अनि सम्पत्ति लुटपाटमा उत्रियो। संसदीय फाँटमा रहेका दलहरूले यस समस्यालाई सुल्झाउन सकेनन्। छिमेकी राष्ट्र र दरबार दुवैको सहयोग प्राप्त नगर्दा भूमिगत युद्धमा रहेकाहरूले राम्रो अवसर प्राप्त गर्दै गए।

राजा ज्ञानेन्द्रको कलाविनाको नाटकको मञ्चनले संसदवादीहरू र माओवादीहरू आफ्नो अस्तित्व रक्षाका लागि एक भए र निरंकुश राजतन्त्रविरुद्धको आन्दोलन ०६३ सालमा सफल भयो। राजतन्त्र समाप्त भयो। हत्याहिंसामा अभ्यस्त दल सरकारमा पुग्यो। युद्ध र भूमिगत धड्धडीले राष्ट्र पुरै नियन्त्रणमा लिने साम्यवादी शैलीको प्रयोग गर्दै जाँदा आफ्नै मातहतका एक कर्मचारीले सरकार ढालिदिए। अबको सरकार लोकतन्त्रको वकालत गरेर कहिल्यै नथाक्नेहरूले दुई/दुई स्थानबाट जनताले अस्वीकार गरेका, अरुण तेस्रो आयोजना सञ्चालन हुन नदिने प्रयासको नेतृत्व गर्दै सफल भएका व्यक्तिलाई सरकार प्रमुखका रूपमा निर्लज्ज स्थापित गरियो। यही क्रममा प्रधानमन्त्री पदका लागि १८ पटकसम्म प्रतिस्पर्धा गर्ने क्षमतावान् व्यक्तित्व पनि नेपाली राजनीतिमा देखिए। राजनीति सरकारमा पुग्ने, सरकार गिराउने, शक्ति आर्जन गर्ने, अकुत स्रोतसाधन संग्रह गर्ने, गर्न नमिल्नेजति सबै काम गर्न अघि बढ्ने र राष्ट्रका लागि खासै चिन्तन नगरी व्यक्तिगत र दलगत स्वार्थमा केन्द्रित हुँदै गयो।

दोस्रो संविधानसभाको गठनपछि मुस्किलले नेपालले संविधान प्राप्त गरेको छ। संविधान जारी हुनेबित्तिकै जनताबाट तिरष्कृत केही क्षेत्रीयवादी दलका झुन्ड विदेशी व्यवस्थापनमा संविधानविरोधी आन्दोलनमा होमिएका छन्। उनीहरूको माग जोकोही राष्ट्रवादीले पूरा गर्नसक्ने अवस्थाको छैन। वर्षौंवर्षदेखि हिमाल, तराई र पहाडकाबिचको सद्भाव भड्किने हिसाबले तराईलाई पहाडबाट अलग गराई छुट्टै तराई प्रदेशको माग भइराखेको छ। पहाडलाई अछुतोसरह व्यवहार गरी उठाएका माग पूरा हुँदा भोलि पहाडबाट तराई क्षेत्रमा बसोबास गरिराखेका पहाडीहरूविरुद्ध अशोभनीय व्यवहार हुन सक्छ। आज अघोषित नाकाबन्दी गर्दै छिमेकीले नेपालको आन्तरिक मामिला भनेकोमा भोलिका दिनमा तराई प्रदेशले घोषित नाकाबन्दी झैं गर्न सक्छ। त्यस अवस्थामा साँच्ची नै यो हाम्रो आन्तरिक मामिला नै हुनेछ। ठुलो संख्यामा पहाडबाट बसाइँ सरी स्थायी बासिन्दाका रूपमा तराईमा रहेकाहरू र मधेसीहरूबिच साम्प्रदायिकता भड्किन सक्छ। ०६३ सालमै यसको आधार तयार भइराखेको छ। यस अवस्थामा देशभक्त नेपालीहरू सबै एकजुट भई हाम्रो आन्तरिक समस्याको समाधानमा जुट्नुपर्ने अवस्था छ। जनताको चुलो बल्न छोडेको अवस्थामा पनि नेपालीहरू सरकारलाई राष्ट्रियताको मूल्यमा समझदारी नगर्न सुझाव दिइराखेका छन्, तर बदलामा सरकारले जनतालाई कालोबजारी र भ्रष्टाचार दिइराखेको छ। जनताले धैर्यधारण कतिसम्म गर्न सक्ने हुन्, यसतर्फ सरकारको ध्यान गएको छैन।

देश यस्तो विकराल समस्याबाट गुज्रिराखेको छ। सरकारमा रहनेहरू एकपछि अर्को गलत क्रियाकलापमा व्यस्त देखिँदै छन्। प्रतिनिधि उदाहरणका रूपमा भूकम्पपीडितहरू पार्टीका शीर्षस्थ नेताहरूका सन्तति मात्रै हुने गरी मित्रराष्ट्र चीनमा लावालस्कर पठाइराखेको छ। पीडितहरू खुला आकाशमा बस्न बाध्य छन्। प्राधिकरण विधेयक पालैपालो दलहरूको दलगत स्वार्थका कारण पारित हुन ढिला भयो। भूकम्पपीडितलाई नजिकबाट सहयोग गर्ने खुला र उदार दिल भएका समाजसेवी र सेवामूलक संस्था थुप्रै सहयोगमा जुटेका छन्। पीडितले उनीहरूको पहिचान गरेका छन्, तर सरकार चिन्दैन। बिलकुल अन्धो भएर सिंहदरबारमा केन्द्रित भएको छ सरकार।

पीडितलाई सहयोग गर्न चन्दा संकलन गरिराखेको सरकार पूर्वविशिष्ट पदाधिकारीलाई प्रत्येक वर्ष ३ अर्ब आर्थिक दायित्व थप हुने गरी सुविधा वृद्धि गर्न लागिपरेको छ। सरकारका लागि यो नै ठुलो राष्ट्रिय स्वार्थको विषय भएको छ। सुविधा लिने र सुविधा दिने दुवैमा थोरै मात्र पनि लज्जाबोध हुँदैन। यसरी अत्यन्त ठुलो आर्थिक दायित्व राष्ट्रलाई थप गरी सेवासुविधा थप गर्नेहरू प्रायः सबै अकुत सम्पत्ति आर्जन गरी नवधनाढ्यहरू नै रहेकाले यदि यो सुविधा दिने नै हो भने उनीहरूको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ भन्ने मागसमेत हुन थालेको छ। यस्तो अवस्थाबाट गुज्रिराखेका हाम्रा विभिन्न कालखण्डका सरकारको उपादेयता र औचित्यको खोजी नेपालीले गरिराखेका छन्।

*(मैनाली पूर्वसचिव हुन्।)*

# मार्क्सवादी आँखाबाट मधेस समस्या



■ सञ्जीव झा

समताले जन्मेकालाई नै समाज भनिन्छ। 'समत्वं योगथ' समताले जन्मेकालाई नै समाज भनिन्छ। 'समत्वं योगथ उच्यते' को व्यावहारिक रूपलाई नै समाज भनिन्छ। आत्मिक समता र प्रकृतिको औचित्यताको न्यायद्वारा प्रकाशित व्यवस्था नै समाज हो। 'आत्मनः प्रतिकुलानी परेशां न समाचरेत्'को समादर्शको साकार प्रतिमा नै समाज हो। ज्ञानविज्ञानद्वारा प्रकाशित सत्यात्मकको न्यायको सिद्धान्तमा आधारित समन्वय एवं सामञ्जस्यपूर्ण सजीवता नै समाज हो। सौन्दर्य, सुगन्ध, स्वास्थ्ययुक्त मानवपुष्पको समृद्धि गुच्छा नै समाज हो। पशुको समूहलाई 'झुन्ड' र मानवको समूहलाई 'समाज' भनिन्छ। दान, पुण्यभन्दा माथि उठेर न्यायलाई धर्मको रूपमा स्वीकार गरिने मानव संघलाई नै समाज भनिन्छ। प्रेमपूर्ण एकताका लागि सामूहिक न्याय व्यवस्था नै समाज हो। न्यायशील राष्ट्रिय व्यवस्थालाई जन्म दिने सभ्यतालाई नै समाज भन्न सकिन्छ।

मूलतः समाजमा अहिले पनि दुई किसिमको वर्ग छ। एउटा हुनेखाने र अर्को हुँदा खाने। यिनीहरूबिचको लडाइँ निरन्तर जारी छ। हेगेल भन्ने दार्शनिकले समाजलाई द्वन्द्ववादको रूपमा व्यख्या गरे भने फायरवाख भन्ने दार्शनिकले समाजलाई भौतिकवादको रूपमा व्याख्या गरे। पछि कार्ल मार्क्सले समाजलाई द्वन्द्ववाद र भौतिकवाद दुवैको मिश्रित रूपमा व्याख्या गरे। उनले समाज फेर्न सकिन्छ भन्ने मान्यता स्थापित गरे, जसले गर्दा पुँजीपति र श्रमजीवी वर्गमा समानता ल्याउन सकिन्छ भन्ने दर्शन स्थापित भयो।

मार्क्सवादको अन्तरवस्तु द्वन्द्वात्मक भौतिकवादको ध्येय विश्वमा वैज्ञानिक समाजवाद निर्माण गर्नु र शोषणरहित समाजमा रूपान्तरण गर्नु नै हो। सामन्तवादको चरित्र हेर्दा उनीहरू सत्ता टिकाइराख्न जस्तोसुकै हदसम्म तल झर्न सक्छन्। सत्ता शासनको बेला सामन्तीहरू छिन्नभिन्न भए भने सत्ता शासन खतरामा पर्छ वा सत्ता शासन खोसिने बेला आउँछ, तब सबै सामन्ती एकै ठाउँमा उभिन्छन्। ०६४ सालको संविधानसभाको चुनावमा मधेसकेन्द्रित दल निकै राम्रो शक्तिको रूपमा स्थापित भए। देशमा बनिरहेको संविधानमा निकै हस्तक्षेपकारी भूमिका निर्वाह गर्न सक्ने क्षमता थियो उनीहरूमा। तर, ती मधेसकेन्द्रित दलभित्र सामन्ती सोच र विचार निकै धेरै हावी थियो। मधेसको विकास र अधिकारको मुद्दालाई थाती राखेर सत्ताभोग र शासनमा मात्र लागे उनीहरू। सत्ताका लागि एउटै पार्टी कैयौं पटक फुट्यो। मार्क्सवादले भनेअनुसार नै सामन्तीहरू सत्ता र शासनको बेला छिन्नभिन्न हुन्छन् भन्ने कुरा चरितार्थ भयो। मधेसकेन्द्रित दलमा सामन्ती विचार भएका नेतृत्वको हालिमुहाली थियो। ती पञ्चायत र राजाको प्रत्यक्ष शासनका पृष्ठपोषक र अनुयायी थिए। पञ्चायतकालमा पनि सत्ता शासन उनीहरूलाई नै फाप्यो भने ०४६ सालको जनआन्दोलनपछिको प्रजातान्त्रिक शासनकालमा पनि सत्तामा उनीहरूकै हालिमुहाली भयो। गणतान्त्रिक सरकारमा एउटा ठुलो शक्तिको रूपमा निरन्तर सबैभन्दा बढी सत्तामा रहनेमा पनि यिनीहरू नै पर्छन्। समाज आदिम साम्यवादी युग, दास युग, सामन्ती युग हुँदै अहिले पुँजीवादी युगसम्म आइपुगेको छ। तर, अहिले पनि मधेसमा सामन्तवादी युगको अवशेष बाँकी रहेको पाइन्छ। सामन्तवादी युगमा सामन्तीहरू आफ्नो सत्ता टिकाइराख्न जातको कुरा, लिंगको कुरा, धर्मको कुरा र क्षेत्रको कुरालाई मुद्दा बनाई शासन बचाइराख्थे। अहिले मधेसकेन्द्रित दलहरूको मुद्दा हेर्दा यो भन्दा खासै फरक लाग्दैन। अरू बेला छिन्नभिन्न भए पनि सत्ताप्राप्तिको लडाइँमा सबै मधेसकेन्द्रित दलका नेतृत्व एकै ठाउँमा उभिनु पनि सामन्तीहरूको पुरानै चरित्र हो। तर, चिन्ता लिनुपर्ने एउटा महत्त्वपूर्ण कुरा के हो भने सामन्तीहरू र मधेसमा आफ्नो जमिनदारी प्रथा बचाउन लागेका मधेसका जमिनदार वर्ग समन्वयको आधारमा श्रमजीवी, श्रमजीवी मधेसी जनता र किसानलाई मुक्त गराउनु, सामाजिक विभेद, छुवाछुत, सामाजिक अपराध हटाउनु र पितृसत्ताको अत्याचारबाट महिलाहरूको सुरक्षाजस्ता जटिल चुनौतीहरू अहिले मधेसमा विद्यमान छन्। मूलतः कृषिमा आधारित श्रमजीवी मधेसका जनतालाई 'वैज्ञानिक भूमिसुधार' लागू गर्नु आज सबैभन्दा बढी आवश्यकता देखिएको छ। तर, तथाकथित मधेसकेन्द्रित दल र पुँजीवादी, साम्राज्यवादी दलहरू वैज्ञानिक भूमिसुधारबारे एक शब्द पनि बोल्दैनन्। उनीहरूलाई राम्ररी थाहा छ- वैज्ञानिक भूमिसुधार लागू भएपछि आफ्नो जमिनदारी प्रथाको अन्त्य र वर्ग संघर्षको जित हुन्छ। त्यसैले वैज्ञानिक भूमिसुधारको नाम सुन्नेबित्तिकै यी सामन्तवादका अवशेष 'नारायण-नारायण' भनेर भगवान् श्रीनारद गायब भएजसरी नै गायब हुन्छन्। तसर्थ, सामन्तवादका सबै खाले शोषण र अत्याचार तथा बाँकी सम्पूर्ण अवशेषको अन्त्य गर्नु संयम, सुझबुझ र विवेकका साथ गर्ने क्रान्तिको आवश्यकता अहिले मधेसमा छ।

अध्यात्मवादले हेरियो भने देवीमाता सीताको जन्मस्थल, विश्वामित्र ऋषिले तपस्या गरेर गायत्री मन्त्र 'ॐ भूर्भूव स्वः...' को रचना गरेको, भगवान् गौतम बुद्धको जन्मभूमि भएको पवित्र भूमि हो, मधेस। नेपाल राष्ट्र र वर्गीय मुक्तिका लागि सहिद भएका बाराका किसान सहिद मुखलाल महतो, झापा सुखानीका अमर सहिदहरू रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेनसिंह राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठ, धनुषाको यदुकोहामा जीवन उत्सर्ग गरेका सहिद कामेश्वर कुशेश्वर, दाङका किसान आन्दोलनमा सहादत भएका वीर थारू सहिदहरू, सहिद दुर्गानन्द झा, हालसम्म बेपत्ता भएका डा. लक्ष्मीनारायण झा आदि मधेसका नेपाली राष्ट्रियता बोकेका सहिद जन्माएको देश हो नेपाल। यी युगान्तकारी वीर सहिदहरूले कहिल्यै बहुराष्ट्रियताको कुरा गरेनन्। सामन्ती र पुँजीवादीहरूले गरेको बहुराष्ट्रियताको कुरा पृथकतावादी सोच र विखण्डनकारीको स्वरूप हो। यसले सम्पूर्ण राष्ट्रवादी नेपाली, मधेसी, थारू जाति जनजातिलगायत ती वीर सहिदहरूको आत्मा रुवाउनु भन्दा अरू केही गर्दैन। नेपाल एउटा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक मुलुक हो। यसलाई कसैको अनुचित स्वार्थअनुरूप बहुराष्ट्रिय राज्यको रूपमा कदापि मान्न सकिँदैन। नेपाल एउटा यस्तो देश हो, जसमा कुनै पनि जातको बहुलता छैन। यो अल्पसंख्यकहरूको देश हो।

**युगान्तकारी वीर सहिदहरूले कहिल्यै बहुराष्ट्रियताको कुरा गरेनन्। सामन्ती र पुँजीवादीहरूले गरेको बहुराष्ट्रियताको कुरा पृथकतावादी सोच र विखण्डनकारीको स्वरूप हो। यसले सम्पूर्ण राष्ट्रवादी नेपाली, मधेसी, थारू जाति, जनजातिलगायत ती वीर सहिदहरूको आत्मा रुवाउनुभन्दा अरू केही गर्दैन। नेपाल एउटा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक मुलुक हो। यसलाई कसैको अनुचित स्वार्थअनुरूप बहुराष्ट्रिय राज्यको रूपमा कदापि मान्न सकिँदैन।**

मधेस, सोझासिधा जनतालाई 'हामी मधेसी ठगिएका छौं' भनेर एउटै टोकरीमा राखेर हिंसात्मक, साम्प्रदायिक र असामाजिक खेल खेल्दै छन्। अन्ततः उग्रवामपन्थी र दक्षिणको विस्तारवादको नेतृत्व गर्दै डा. बाबुराम भट्टराई नेतृत्वको सरकारमा प्रतिनिधित्व गर्ने करिब ६८ प्रतिशत सामन्तवादका अवशेषका रूपमा रहेका मधेसकेन्द्रित दलले नै ०६९ मा श्रमजीवी मधेसी जनताको अधिकार कुण्ठित गर्दै संविधानसभा विघटन गरे।

**क्रान्ति के हो ?**

समाजको उत्पादन शक्तिको विकासमा बाधक बनेका पुराना उत्पादन सम्बन्धहरूलाई बलपूर्वक हटाएर पुराना आर्थिक, सामाजिक संरचनाको ठाउँमा नयाँ प्रगतिशील आर्थिक, सामाजिक संरचनाको स्थापना गर्नका निम्ति राज्यसत्ता प्राप्त गर्ने उथलपुथलकारी प्रक्रिया नै क्रान्ति हो। क्रान्तिले जहिले पनि समाजका उत्पादक शक्तिहरूको सेवा गर्दछ। तिनीहरूको पक्षमा र हितका काम गर्छ। क्रान्ति कुनै आकस्मिक घटना नभई समाज विकासको निश्चित चरणमा विद्यमान सामाजिक जीवनका भौतिक अवस्थाहरूको कारणले उत्पादन हुने अन्तरविरोधको परिणामस्वरूप देखापर्ने एउटा नियमित र स्वाभाविक घटना हो। मान्छे मारेर, भौतिक संरचना ध्वस्त पारेर, मन्दिर तोडफोड गरेर, चन्दा आतंक, डर, त्रास, भय सिर्जना गरेर क्रान्ति हुँदैन। क्रान्ति उत्पादन शक्ति र उत्पादन सम्बन्धबिचको अन्तरविरोधबाट सुरु हुन्छ।

अहिले पनि मधेसमा गरिबी, उत्पीडन, सामाजिक विभेद, जमिनदारी शोषण र थिचोमिचो रहेको छ। बोक्सी प्रथा र दाइजो प्रथाको नाममा विभिन्न रूपमा हिंसा र अत्याचार खेप्नुपर्ने बाध्यता छ। जमिनदारहरूको शोषणबाट

भौगोलिक दृष्टिकोणले पनि एकअर्कासँग निर्भरता वा पारस्परिक सम्बन्ध भएको देश हो। वर्गीय मुक्ति, समृद्धि र समाजवादी समाज बनाउन तराईलाई हिमाल, पहाड, हिमाललाई तराई, पहाड र पहाडलाई तराई, हिमाल नभई हुँदैन। बहुराष्ट्रियताको अभ्यासमा भारतको स्वतन्त्रतासँगै भारत र पाकिस्तान विभाजित भए। 'हिन्दु बहुल क्षेत्र भारत र मुस्लिम बहुल क्षेत्र पाकिस्तान' अन्ततः पाकिस्तानबाट पनि बंगालीभाषी बहुल क्षेत्र बंगलादेशमा विभाजन भयो। श्रीलंकामा तमिल र सिंहालीको बहुराष्ट्रियताको अभ्यासमा लाखौंले ज्यान गुमाए। संयुक्त राष्ट्रसंघले पनि दुई किसिमको राष्ट्रियतालाई मात्र मान्यता दिएको पाइन्छ। एउटा 'एथ्निक' र अर्को 'सिभिल नेसनलिज्म'। विश्वभरको इतिहासमा 'एथ्निक नेसनलिज्म' कमजोर अभ्यासको रूपमा देखिएकाले अहिले 'सिभिल नेसनलिज्म' नै बढी सफल देखिन्छ। त्यसैले पनि हामी नेपालीको एउटै सिभिल नेसनलिज्म नेपाली राष्ट्रियता नै हुनुपर्छ। यस्ता पृथकतावादी बहुराष्ट्रियताको मागलाई दृढतापूर्वक आलोचना, खण्डन र विरोध गरेर अस्वीकार गर्नुपर्छ।

नेपाली क्रान्तिको प्रधान अन्तरविरोध नेपाली समाजमा सामन्तवादी प्रवृत्ति र दलाल नोकरशाही पुँजीवादसँग जनताको व्यापक अन्तरविरोध प्रधान वर्गीय अन्तरविरोधको रूपमा रहेको छ। सर्वहारा वर्गको अधिनायकत्व तबसम्म लागू हुन सक्दैन, जबसम्म श्रमजीवी वर्गले क्रान्ति सम्पन्न गरेपछि त्यसलाई कायम राख्न, सुदृढ गर्न र अजेय बनाउन सर्वहारा, श्रमिक जनताको राज्यसत्तामा अधिनायकत्व लागू हुँदैन। अब पुँजीवादी उत्पादन सम्बन्धलाई हराएर वा विस्थापित गरी समाजवादी उत्पादन सम्बन्धहरू स्थापित गरेर र समाजवादी राज्यसत्ता स्थापित गरी समाजवादी क्रान्तिको थालनी गर्नुपर्छ।

जनताको बहुदलीय जनवाद नेपाली क्रान्तिको अग्रगतिका लागि मार्क्सवाद र लेनिनवादलाई लागू गर्ने सन्दर्भमा नेपालमा विकास गरिएको प्रजातान्त्रिक विधिले समाजको प्रगतिशील रूपान्तरण गर्ने सिद्धान्त हो। प्रगतिशील रूपान्तरण भनेको श्रमजीवी वर्गको रूपान्तरण हो। जनतासँग मिलेर जनताको लागि राज्यसत्ता पाउनका लागि लड्नु र राज्यसत्ता पाइसकेपछि जनताका लागि काम गर्नु यसको आशय हो। हाल मधेसभित्र पनि विभिन्न जातजाति र उत्पीडित वर्गहरूको बसोबास छ। सामर्थ्यको हिसाबले कमजोर मानिने मधेसका आठ जिल्ला भएको २ नम्बर प्रदेशमा सामाजिक न्याय र सामाजिक सुरक्षासहित विकासको अति नै आवश्यकता भएको प्रदेश हो। युनेस्कोको सर्वेक्षणलाई आधार मान्ने हो भने नेपालको सबैभन्दा कम साक्षरता भएका पाँच जिल्लामध्ये चार जिल्ला रौतहट, सर्लाही, महोत्तरी र सिरहा यसै प्रदेशमा छन्। सबैभन्दा बढी गरिबीको रेखामुनि भएका जनता पनि यसै प्रदेशमा छन्। आधुनिक कृषि, आधुनिक सिँचाइ र मलको अभावले अधिकांश मधेसका श्रमजीवी जनता, जो कृषिमा आधारित छन्, उनीहरूको कृषि पेसा र जनजीवन अति नै कष्टकर छ। यी प्रदेशका युवाहरू बेरोजगारीका कारण अधिकांश विदेश पलायन भएका छन्। नेपालका सबैभन्दा बढी वैदेशिक रोजगारीमा जाने जिल्लामध्ये धनुषा जिल्ला यही प्रदेशमा छ।

वर्तमान सरकार जनताको बहुदलीय जनवादको सिद्धान्तलाई टेकेर नेपालको एउटा अति विषम परिस्थिति र कष्टकर समयमा बनेको हुँदाहुँदै पनि यो सरकारसँग विकासको अपेक्षा राख्नु स्वाभाविक नै हो। त्यसैले मधेसको हरेक किसिमको विभेद, शोषण अन्त्य गरी जनताको बहुदलीय जनवाद र मार्क्सवादको दृष्टिकोणले मधेसलाई हेरी 'जागो किसान, समृद्ध किसान', 'नेपाली जनता, समृद्ध जनता', 'हातमा सिप, साथमा रोजगार'जस्ता योजना ल्याउनुपर्छ। नेपालको मुटु नै गाउँमा भएको हुनाले त्यहाँको विकासका लागि गाउँमुखी नीति, योजना र कार्यक्रम ल्याउनु सरकारको पहिलो प्राथमिकता हुनुपर्छ।

*(झा युवा संघ नेपालका मधेस प्रमुख हुन्)*

दक्षिण एसिया

## बीजेपीको नयाँ अनुहार

त्यसो त सांसद कीर्ति आजादलाई निलम्बन गर्नु बीजेपीको आन्तरिक मामला हो, तर उसको यस निर्णयबाट यो संकेत मिल्छ कि भ्रष्टाचारलाई लिएर पार्टीले दोहोरो मापदण्ड अपनाइरहेको छ। आखिर आजादको कसुर के थियो ? एउटा सांसदका रूपमा उनले देशको एउटा शक्तिशाली क्रिकेट एकाइमा भ्रष्टाचारको विषय उजागर गरिदिए। यो काम उनले कुनै बहकाव वा लालचमा आएर अचानक गरेका पनि होइनन्। उनले पछिल्लो एक दशकदेखि यो मुद्दा उठाइरहेका थिए। तब उनीविरुद्ध कारबाही यसका लागि मात्र गरिँदै छ कि उनीद्वारा लगाइएको आरोपको छिटा बीजेपीका वरिष्ठ नेता तथा अर्थमन्त्री अरुण जेटलीमाथि परिरहेको छ ? साँचो यो हो कि आजादले कहिल्यै पनि खुलेर जेटलीको नाम लिएका छैनन्। उनले त 'विकलिक्स फर इन्डिया'को एक दृश्य देखाएका छन्, जसमा दाबा गरिएको थियो कि डीडीसीएले कोटला स्टेडियम बनाउनमा फर्जी कम्पनीलाई टेन्डर दिएको थियो र उसले करोडौं रकम भुक्तानी पनि गर्‍यो। यसमा यो पनि भनियो कि डीडीसीएले पारिश्रमिकबापत ल्यापटप, प्रिन्टरजस्ता सामान लियो र यसका लागि यी सामानको मूल्यभन्दा केही गुणा बढी रकम निकासा भयो।

बीजेपीलाई यस्तो किन लाग्छ कि केवल आरोप लगाइदिँदैमा जेटलीलाई दोषी मानिन्छ ? के पार्टी चाहन्छ कि यसका नेता केवल अर्को दलका नेताका भ्रष्टाचारबारे बोलून् ? अझै केही दिनपहिला दिल्लीका मुख्य सचिवको कार्यालयमा छापा मारियो। दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले यसमाथि आपत्ति जनाएपछि बीजेपीले भन्यो कि उनले एउटा भ्रष्टाचारीलाई जोगाउँदै छन्। कुनै व्यक्तिविरुद्ध जाँच सुरु हुनासाथ उसलाई भ्रष्टाचारी कसरी भन्न सकिन्छ ? अथवा बीजेपीले कसैमाथि आरोप मात्र लगाए पनि ऊ भ्रष्ट हुन्छ, तर उसका नेताविरुद्ध कुनै शंका मात्र गरिए पनि ऊ केही बोल्दैन। प्रधानमन्त्री मोदीले त निर्णय नै सुनाइसकेका छन् कि जेटली बेदाग भएर निस्कनेछन्।

प्रश्न यो छ कि यति नै भरोसा थियो भने फेरि आजादलाई निलम्बन गर्नु के जरुरी थियो ? उसलाई लागिरहेको छ कि कहीं यसबाट पार्टीका वरिष्ठ नेतालाई घेर्ने सिलसिला सुरु भएको त होइन ? त्यसै त बीजेपीमा असन्तुष्टको एउटा ठुलै जमात छ।

आफूलाई 'पार्टी विद अ डिफरेन्स' बताएर उसले चुनावमा यूपीए सरकारको भ्रष्टाचारलाई खुब चम्काएको थियो। जनतालाई लाग्यो कि बीजेपीले देशमा सुशासन दिनेछ। सत्ता सम्हालेपछि प्रधानमन्त्री मोदीले पनि भने कि 'न खानेछु, न खान दिनेछु।' तर आजादको प्रकरणबाट पार्टीको छविमाथि धक्का लागेको छ। यस्तो लागिरहेको छ कि बीजेपी पनि यूपीएभन्दा फरक छैन। भ्रष्टाचारलाई लिएर उसका चपाउने र देखाउने दाँत अलगअलग छन्।

*भारतबाट प्रकाशित नवभारत टाइम्सको सम्पादकीय*

लेख तथा प्रतिक्रियाका लागि
इमेल : merobichar@gmail.com
फ्याक्स : ०९७७-१-५०११५९४ पो.ब.नं.: २०५०३ काठमाडौं

सुन–चाँदी



| | |
|---|---|
| छापावाल प्रतितोला | – रू.४८,३००/– |
| तेजाबी प्रतितोला | – रू.४८,०५०– |
| चाँदी प्रतितोला | – रू.६७५/– |

# अर्थ

## टुंगियो मन्त्रालय–प्राधिकरण द्वन्द्व

**भीम गौतम/राजधानी**
काठमाडौं, १२ पुस

ऊर्जा अभावका कारणले देशमा चरम संकट बेहोरिरहेका बेला ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणबीच देखिएको चारमहिने द्वन्द्व सकिएको छ। प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले पठाएको पत्रसमेत बुझ्न अस्वीकार गर्नेसम्मको द्वन्द्वमा पुगेका यी दुई निकायबीचको विवाद काफ्ले कार्यकारी निर्देशक बहालै रहने द्वन्द्व सकिएको हो।

सोलु कोरिडोरेको ठेक्कापट्टालाई लिएर विवाद बढेपछि १० भदौपछि प्राधिकरणको बोर्ड बैठक बस्न सकेको थिएन भने ऊर्जा मन्त्रालयले उनले पठाएको पत्र अस्वीकार गर्दै आएको थियो। तर, शुक्रबार चार महिनापछि प्राधिकरणको बोर्ड बैठक बसेको छ। ऊर्जा सचिव सुमनप्रसाद शर्माको अध्यक्षतामा बसेको बैठकले कार्यकारी निर्देशकको अधिकार फिर्ता गरेको छ। आफू ऊर्जामन्त्री भएलगत्तै तत्कालीन ऊर्जामन्त्री राधा ज्ञवालीले कार्यकारी निर्देशकको अधिकार फिर्ता गरेर आफूमा केन्द्रित गरेकी थिइन्।

बैठकले ५० करोडभन्दा माथिको बोलपत्र स्वीकृत तथा खरिदका लागि प्राधिकरण बोर्डमा जानुपर्नेमा अब कार्यकारी निर्देशकले गर्न पाउनेछन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सतर्कता केन्द्र, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सार्वजनिक खरिद कार्यालय तथा सार्वजनिक लेखा समितिले समेत कार्यकारी निर्देशकको अधिकार फिर्ता गर्न निर्देशन दिएको थियो तर कार्यान्वयन भएको थिएन। सचिव शर्माको अध्यक्षतामा बसेको ७ सय २०औं बैठकले सो निर्णय गरेको प्राधिकरणका कार्यकारी निर्देशक काफ्लेले जानकारी दिए। 'शुक्रबारको बोर्ड बैठकले कार्यकारी निर्देशकको अधिकार फिर्ता गरेको छ, अब छिट्टै बोर्ड बैठक रोकिएका फाइलहरू पनि अघि बढ्नेछन्।'

प्राधिकरण बोर्ड बैठकमा कसकसलाई सहभागी गराउने भन्ने अन्योल रहेकामा बोर्डमा लक्ष्मण अग्रवाल, मनोज मिश्र, सन्तोषनारायण श्रेष्ठ र सुवर्णलाल श्रेष्ठले प्रतिनिधित्व गरेको प्राधिकरण स्रोतले जनाएको छ। तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले तत्कालीन ऊर्जामन्त्री ज्ञवालीलाई बर्खास्त गरेर तत्कालीन उपप्रधानमन्त्री एवं गृहमन्त्री वामदेव गौतमलाई ऊर्जामन्त्रीको जिम्मेवारी दिएपछि उनले पहिलेका सञ्चालकलाई हटाएर तिनजनालाई नियुक्ति गरेका थिए। पहिल्यै सर्वोच्च अदालतको आदेशअनुसार बहाल रहेका अग्रवाल र मिश्रका साथै गौतमले नियुक्ति गरेकामध्ये सुवर्ण र ज्ञवालीले नियुक्ति गरेका सन्तोषनारायण बैठकमा सहभागी थिए।

गौतमको आदेशमा सोलु कोरिडोरको ठेक्काको विषयमा मत बाझिएपछि प्राधिकरणमा कार्यकारी निर्देशक काफ्लेलाई गैरकानुनी रूपमा मन्त्रालयमा सरुवा गरेर तत्कालीन ऊर्जा सचिव राजेन्द्रकिशोर क्षत्रीले निमित्त कार्यकारी निर्देशकको पत्र रामचन्द्र पाण्डेलाई दिएका थिए। १७ असोजमा पत्र पाएपछि कार्यकारी निर्देशक काफ्ले भने आफूलाई मन्त्रालयमा सरुवा गर्नु गैरकानुनी भन्दै मन्त्रालयमा हाजिर भएनन् भने उनी यसविरुद्ध अदालत गएकामा सर्वोच्चले काम गरिरहेकाले अन्तरिम आदेश दिनुनपर्ने फैसला सुनाएको थियो। त्यसपछि मन्त्रालयले कार्यकारी निर्देशक काफ्लेले हस्ताक्षर गरेको पत्र अस्वीकार गरेकामा नयाँ उपप्रधान एवं ऊर्जामन्त्री टोपबहादुर रायमाझी आएपछि पनि यसलाई निरन्तरता दिएको थियो।

उनको नेतृत्वमा रहेको मन्त्रालयले पनि कार्यकारी निर्देशकको पत्र लिन अस्वीकार गरेपछि संसद्को कृषि तथा जलस्रोत समितिमा काफ्लेले ऊर्जा मन्त्रालयले नाकाबन्दी गरिरहेको बताएका थिए। 'के कारणले वर्तमान कार्यकारी निर्देशक काफ्लेलाई स्वीकार गरेर बोर्ड बैठक बसेको छ भनेर पत्रसमेत मन्त्रालयले लिन थालेको छ।' ऊर्जा मन्त्रालय स्रोतले भने 'नयाँ कार्यकारी निर्देशक ल्याउन खोजेका मन्त्रीले अहिले काफ्लेलाई स्वीकार गरेका छन्, यसले मन्त्रालय र प्राधिकरणबीच द्वन्द्व तत्कालका लागि सकिएको छ।'

प्राधिकरणका कार्यकारी निर्देशक र सञ्चालक सदस्यलगायतलाई लिएर बढेको विवादका कारण उपप्रधान एवं ऊर्जामन्त्री रायमाझी मन्त्री भएको साढे दुई महिना बित्न लाग्दासमेत विद्युत् प्राधिकरणबारेको ब्रिफिङमा गएका थिएनन्। ऊर्जा मन्त्रालयअन्तर्गतको ८० प्रतिशतभन्दा बढी काम गर्ने निकाय प्राधिकरणमा मन्त्री हुनेबित्तिक्कै एकसाताभित्र मन्त्रीहरूले ब्रिफिङ लिने चलन छ। मन्त्री-कार्यकारी निर्देशक तथा मन्त्रालय-प्राधिकरणबिचको सम्बन्ध सुध्रिएपछि रायमाझी सोमबार प्राधिकरणको ब्रिफिङमा सहभागीसमेत हुन लागेका छन्। सम्बन्ध बिग्रँदा र प्राधिकरण बोर्ड बैठक नबस्दा ऊर्जाको काम ठप्प थियो भने दर्जनौं आयोजना निर्णय नभएर अलपत्र परेका थिए।

## 'चमेलियाको भुक्तानी देऊ'

**काठमाडौं/रास–** संसद्को सार्वजनिक लेखा समितिले ३० मेगावाट क्षमताको चमेलिया जलविद्युत् आयोजनाको सुरुङ निर्माणमा संलग्न ठेकेदार कम्पनीलाई मूल्यांकन गरेर भेरियसन रकम दिन निर्देशन दिएको छ।

चमेलिया जलविद्युत् आयोजनाको साँघुरिएको सुरुङ निर्माणबापत ठेकेदार कम्पनीलाई दिनुपर्ने १ अर्ब ९ करोडबारे लेखा समितिले अनियमितता भएको ठहर गर्दै भुक्तानीका लागि रोकेकामा आइतबारको बैठकले मूल्यांकन गरेर भुक्तानी दिन निर्देशन दिएको छ। समितिका सभापति जनार्दन शर्माले पहिले अनियमितताबारे छानबिन गरेर भुक्तानी दिई काम अघि बढाउनका लागि ऊर्जा मन्त्रालयलाई निर्देशन दिएको बताउँदै मन्त्रालय जिम्मेवारी हुने गरी मूल्यांकन गरेर भुक्तानी दिन निर्देशन दिए। लेखा समितिले भुक्तानी रोक्न निर्देशन दिएपछि नेपाल विद्युत् प्राधिकरणका अधिकारीले लेखाका कारण चमेलिया जलविद्युत्को आयोजना अघि बढ्न नसकेको बताएका थिए।

समितिले चमेलिया भुक्तानीबारे आइतबार उपप्रधानमन्त्री तथा ऊर्जामन्त्री टोपबहादुर रायमाझी, ऊर्जासचिव सुमनप्रसाद शर्मा र प्राधिकरणका उच्च अधिकारीसँग छलफल गरेको थियो। लेखा समिति सदस्य राजेन्द्र केसी संयोजकत्वको उपसमितिले भेरियसनका क्रममा ५४ करोड अनियमितता भएको भन्दै प्रतिवेदन दिएपछि लेखा समितिले पुनरावलोकन गरेर मात्र भुक्तानी दिन निर्देशन दिएको थियो। लेखा समितिको निर्देशनपछि प्रोभिजनल आधारमा सुरुङ कार्यबापतको भुक्तानी दिँदै जाने र भेरियसनबारे मन्त्रालयले थप अध्ययन गरेर टुंगो लगाउने सचिव शर्माले जानकारी दिए। बैठकमा उनले ८ सय ४३ मिटर साँघुरिएको सुरुङमध्ये भेरिएसनबापतको रकम भुक्तानी नगर्दा २ सय ३२ मिटरको बाँकी काम अघि बढ्न नसकेको बताएका थिए। बैठकमा भुक्तानी दिएमा र इन्धन उपलब्ध भएमा एक वर्षभित्र चमेलिया जलविद्युत् आयोजनाले उत्पादन गरिसक्ने प्राधिकरणका कार्यकारी निर्देशक शेरसिंह भाटले जानकारी दिए।

बैठकमा सांसद्हरूले लेखा समितिले भेरिएसनबारे पुर्नमुल्यांकन नगरी लेखा समितिलाई देखाएर विद्युत् प्राधिकरणले चमेलियाको काम अघि नबढाएको भन्दै आलोचना गरेका थिए। २०६४ सालमा निर्माण सुरु भएर २०६८ को जेठमा काम सक्नुपर्ने चमेलियाको ९५ प्रतिशत काम सम्पन्न भएको छ। सुरुमा ८ अर्ब रुपैयाँ लागत रहेकामा बढेर १७ अर्ब पुगिसकेको छ।

## लघुवित्तबारे व्यवस्थापन तालिम

**काठमाडौं/रास–** देशभरका लघुवित्तमा कार्यरत शाखा प्रबन्धकहरूका लागि सञ्चालित तिनदिने शाखा व्यवस्थापन तालिम शनिबार सम्पन्न भएको छ। श्रवणकुमार सर्पोटले आयोजना गरेको सो तालिममा १५ ओटा लघुवित्तका २५ जना शाखा प्रबन्धकको सहभागिता रहेको थियो। लघुवित्त कम्पनी सञ्चालनमा शाखा प्रबन्धकलाई दैनिक आइपर्ने समस्या समाधान गर्न सहज होस् भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरेको कार्यक्रम संयोजक नीराजन घिमिरेले बताए।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठ, वित्तीय क्षेत्रका विज्ञहरू मेघराज गजुरेल, प्रकाश पोखरेल र गोविन्दबहादुर राउतलगायतले तालिम दिएका थिए। तालिमका स्रोतव्यक्ति प्रकाश पोखरेलले लघुवित्तका क्षेत्रमा कार्यरत कर्मचारीको दक्षता अभिवृद्धिका लागि यस्ता खालका तालिम उपयोगी हुने बताए। हाल नेपालमा ४१ ओटाभन्दा बढी लघुवित्त संस्थाहरू अस्तित्वमा रहेका छन्।

## रिलायन्स लोटसको एफपीओमा १० गुणा बढी आवेदन

**काठमाडौं/रास–** रिलायन्स लोटस फाइनान्सले सर्वसाधारणका लागि खुला गरेको साधारण सेयरको पुनः निष्कासन (एफपीओ) मा १० गुणाभन्दा बढी रकमको आवेदन परेको छ।

संस्थापक ७० प्रतिशत तथा सर्वसाधारणबाट ३० प्रतिशत चुक्ता पुँजी पूरा गर्नका लागि फाइनान्सले ५ करोड १४ लाख २ हजार ८ सय साठीबराबरको ५ लाख १४ हजार २ सय ८६ कित्ता साधारण सेयर निष्कासन गरेको थियो। एफपीओपछि कम्पनीको चुक्ता पुँजी ३७ करोड १४ लाख पुगेको छ।

### टानद्वारा निःशुल्क भिसाको स्वागत

## चिनियाँ पर्यटक बढ्ने अपेक्षा



**राजधानी समाचारदाता**
काठमाडौं, १२ पुस

ट्रेकिङ व्यवसायीको छाता संस्था ट्रेकिङ एजेन्सिज् एसोसिएसन अफ नेपाल (टान) ले अब चिनियाँ नागरिकलाई नेपाल भ्रमण गर्दा भिसा शुल्क तिर्नुनपर्ने सरकारी निर्णयको स्वागत गरेको छ। सरकारले सन् २०१६ को जनवरीदेखि चिनियाँ नागरिकलाई नेपाल आउँदा निःशुल्क भिसा दिने निर्णय गरेको छ। गत शुक्रबारको मन्त्रिपरिषद्को बैठकले चिनियाँ पर्यटकलाई निःशुल्क नेपाल प्रवेश गर्न दिने निर्णय गरेको हो।

सरकारको सो निर्णयले गत वैशाखमा गएको विनाशकारी भूकम्प, तराई आन्दोलन र अहिले जारी भारतको नाकाबन्दीले थलिएको नेपाली पर्यटन उद्योगलाई पुनरुत्थान गर्न निकै सहयोग पुग्ने भन्दै टानले सरकारी निणर्यको स्वागत गरेको हो। गत वैशाखमा गएको विनाशकारी भूकम्पदेखि चिनियाँ सरकारले आफ्ना नागरिकलाई नेपालको भ्रमण गर्दा उच्च सुरक्षा सतर्कता अपनाउने सन्देश प्रवाह गरी ट्राभल एड्भाइजरी जारी गरेको थियो।

सोही बेलादेखि अहिलेसम्म नेपाल भ्रमणमा आउने पर्यटकको संख्या ह्वात्तै घटेको थियो। नेपाल सरकारको सो निणर्यसँगै अहिले चिनियाँ सरकारले पनि आफ्ना नागरिकलाई नेपाल भ्रमणमा लगाएको ट्राभल एड्भाइजरी पनि फिर्ता गरेको छ। विशेषगरी सन् २००३ मा चीनले आफ्ना नागरिकलाई नेपाल घुम्नैपर्ने गन्तव्य बनाएदेखि नेपाल भ्रमण गर्ने चिनियाँ पर्यटकको संख्यामा उल्लेख्य वृद्धि भइरहेको थियो। सोहीअनुसार सन् २००३ मा वार्षिक ७ हजार ५ सय ६२ जना रहेको चिनियाँ पर्यटकको संख्या बढेर सन् २०१४ मा कुल १ लाख २३ हजार ८ सय ५ जना पुगेको थियो। जुन संख्या भ्रमणका लागि नेपाल आएका कुल विदेशी पर्यटकमध्ये १५ दशमलव ७ प्रतिशत हो।

मन्त्रिपरिषद्को यस्तो निर्णयको स्वागत गर्दै टानले विज्ञप्तिमार्फत नेपालमा चिनियाँ पर्यटक आकर्षित गर्ने पर्याप्त पर्यटनउपज र सेवाहरू रहेकाले अब चिनियाँ पर्यटक आउने संख्या थप बढ्ने अपेक्षा टानको छ। चिनियाँ पर्यटक विशेष गरी नेपाली संस्कृति, जीवनशैली र परम्पराका साथै प्लेजर ट्रिप्स, जंगल सफारी र प्याराग्लाइडिङतर्फ आकर्षित हुने गरेका छन्।

यसैगरी, उनीहरू पछिल्लो समयमा छोटो पदयात्रामा जाने चिनियाँ पर्यटकको संख्या बढ्दै छ। भिषा शुल्क तिर्नंनपर्ने व्यवस्थाले चिनियाँ पर्यटकको संख्यामा अत्यधिक वृद्धि हुने अपेक्षा गरिएको छ। विदेशी पर्यटकलाई नेपाल आउन थप आकर्षित बनाउन छोटो समयका लागि भए पनि राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्र शुल्क, नियन्त्रित क्षेत्र शुल्क तथा पर्वतारोहण शुल्क घटाउनसमेत टानले सरकारलाई सुझाव दिएको छ।

यसैगरी, टानले अब नेपाल भ्रमणमा चिनियाँ पर्यटकलाई भिसा शुल्क नलाग्ने व्यवस्थाको चिनियाँ बजारमा समेत अहिले त्यहाँका विभिन्न अनलाइन, छापा र विद्युतीय सञ्चारमाध्यममार्फत प्रभावकारी रूपमा प्रसारण प्रकाशन गर्न पर्यटन विभाग र नेपाल पर्यटन बोर्डलाई अनुरोध गरेको जनाएको छ। चीनमा रहेको नेपाली कूटनीतिक नियोगमार्फत पनि यो निर्णयको व्यापक प्रचारप्रसार गरिनुपर्ने टानको सुझाव रहेको छ।



www.rajdhani.com.np का.जि.प्र.का.द.नं. १०३/०४०/४१, म.क्षे.हु.नि.द.नं. २४/२०७१/०७२ सोमबार १३ पुस २०७२ (Monday 28 December 2015) राजधानी

# समूह चरणबाटै बाहिरियो नेपाल

**राजधानी समाचारदाता**
काठमाडौं, १२ पुस



नेपाल भारतको केरलामा जारी दक्षिण एसियाली फुटबल प्रतियोगिता (साफ च्याम्पियनसिप) को समूह चरणबाट बाहिरिएको छ । आइतबार केरलास्थित त्रिबेन्द्रममा भएको समूह 'ए' अन्तर्गतको अन्तिम खेलमा भारतले नेपाललाई ४-१ ले पराजित गरेपछि नेपाल समूह चरणबाट बाहिरियो। यसअघि, नेपाललाई श्रीलंकाले १-० ले पराजित गरेको थियो। भारतले दुवै खेलमा जित निकाल्दै समूहको शीर्ष स्थानमा रहेर सेमिफाइनलमा प्रवेश गरेको छ । नेपालको हारपछि श्रीलंका पनि समूह उपविजेताका रूपमा सेमिफाइलनमा प्रवेश गरेको छ ।

नेपालले खेलको तेस्रो मिनेटमा विमल घर्ती मगरको गोलबाट अग्रता लिएको थियो । घर्तीको सो गोलपछि नेपालले ११ खेलपछि पहिलो गोल गरेको हो । नवयुग श्रेष्ठको प्रहार पोस्टमा लागेर रिबाउन्ड भएको थियो। विमल घर्ती मगरले रिबाउन्ड भएको बलको सदुपयोग गर्दै खेलको सुरुआतमा नै नेपाली फुटबलप्रेमीलाई उत्साहित बनाए।

त्यो उत्साह खेलको २६औं मिनेटमा तोडियो । खेलको २६औं मिनेटमा भारतका लागि रोब्लिङ बोर्गेसले गोल गर्दै खेललाई १-१ को बराबरीमा ल्याए । पहिलो हाफमा नेपालले केही उत्कृष्ट मुभ सिर्जना गरेको भए पनि स्कोर हुन सकेन।

दोस्रो हाफ सुरु हुनेबित्तिकै विमल घर्ती मगरको स्थानमा जगजित श्रेष्ठलाई मैदान प्रवेश गराइयो । त्यसैगरी, विशाल राईको स्थानमा योगेश गुरुङ मैदान छिरे । तर, पनि नेपालले पहिलो हाफमा जस्तो खेल पस्किन सकेन।

खेलको ६८औं मिनेटमा भारतका लागि सुनिल क्षत्रीले गोल गर्दै भारतलाई २-१ ले अगाडि लगाए । सो गोल गरेपछि क्षत्रीको स्थानमा भारतले जेजेलाई मैदान भित्र्याएको थियो।

त्यसपछि भारतले नेपाललाई दबाबमा राखिरह्यो । जित्नैपर्ने दबाबमा रहेको नेपाली टोलीको प्रदर्शन सुधार हुनुको सट्टा कमजोर हुँदै गएको थियो। खेलको ८१औं मिनेटमा भारतका लागि छाङ्ते लालिनजुआलाले गोल गर्दै खेललाई ३-१ को अवस्थामा पुऱ्याए। उनैले खेलको अन्तिम मिनेटमा भारतका लागि व्यक्तिगत दोस्रो गोल गर्दै भारतलाई ४-१ को जित दिलाए।

यसअघि, श्रीलंकासँग अधिकांश समय खेल नियन्त्रणमा लिनाका बाबजुद नेपालले अतिरिक्त समयमा आफ्नै गल्तीमा गोल खाएको थियो।

# विमलले तोडे ११ खेलको गोलविहीन यात्रा

**काठमाडौं/रास-** नेपालले लामो समयसम्म गोल गर्न सकेको थिएन तर आइतबार केरलामा भएको साफ च्याम्पियनसिपमा भारतविरुद्धको खेलमा विमल घर्ती मगरले गोल गर्दै ११ खेलदेखिको गोलको खडेरीलाई टुंग्याए। विमलले तेस्रो मिनेटमा गोल गरेका थिए।

नवयुग श्रेष्ठले वान भर्सेस वानमा प्रहार गरेको बल बारमा लागेर रिबाउन्ड भएको बलको सदुपयोग गर्दै विमलले गोल गरेका थिए । यससँगै ८ हजार मिनेटको पर्खाइपछि नेपालले गोल गरेको हो।

यसअघि पनि नेपालले सन् १९८७ देखि १९८९ बिच लगातार १३ खेलमा गोल गर्न सकेको थिएन । त्यसपछि यति लामो समयसम्म नेपालले गोल गर्न नसकेको हो । नेपालले सन् २०१३ मा भएको साफ च्याम्पियनसिपमा भारतविरुद्ध गोल गरेको थियो । संयोग नै मान्नुपर्छ नेपालले पुनः भारतविरुद्ध नै गोल गर्दै ११ खेलसम्म गोल हुन नसकेको यात्रालाई पूर्णविराम लगायो। यसअघि नेपालले श्रीलंकाविरुद्ध गोल गर्ने महत्त्वाकांक्षा बोकेको थियो तर अन्तिम मिनेटमा श्रीलंकाले गोल गर्दै नेपाललाई १-० ले हराएपछि भारतविरुद्धको खेल 'गर या मर' को अवस्थामा रहेको थियो।



# ब्याडमिन्टनको दोस्रो चरण छनोट सुरु

**काठमाडौं/रास-** नेपाल ब्याडमिन्टन संघको आयोजनामा भारतमा हुने १२औं दक्षिण एसियाली खेलकुद (साग) का लागि दोस्रो चरणको खेलाडी छनोट प्रतियोगिता आइतबारबाट सुरु गरेको छ।

पहिलो चरणबाट दोस्रो चरणमा प्रवेश गरेका ५ पुरुष र ३ महिला तथा राष्ट्रिय टिममा प्रशिक्षणरत पाँच/पाँच पुरुष र महिला गरी कुल १८ जनाले दोस्रो चरणमा प्रतिस्पर्धा गरिरहेका छन्। पहिलो चरणबाट दोस्रो चरणमा पुरुषतर्फ सुदीप सेढाईं, संजीव खड्का, नवीन श्रेष्ठ, दीपक बोहरा र इरफान अन्सारी तथा महिलातर्फ मेघाचन्द, सुनैना मुखिया र अनु राईले स्थान बनाएका थिए।

राष्ट्रिय टिममा पुरुषतर्फ रत्नजित तामाङ, विकास श्रेष्ठ, दीपेश धामी, साजनकृष्ण ताम्राकार र विष्णु कटुवाल तथा महिलातर्फ सरादेवी तामाङ, नङशल तामाङ, शिक्षा श्रेष्ठ, अमिता गिरी र जेशिका गुरुङ प्रशिक्षणमा रहेका थिए। दोस्रो चरणबाट सागका लागि समान ७/७ पुरुष एवं महिला खेलाडी छनोट हुने नेपाल ब्याडमिन्टन संघका महासचिव रामजीबहादुर श्रेष्ठले जनाएका छन्।


नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
**केन्द्रीय तथ्याङ्क विभाग**
थापाथली, काठमाडौं ।

**Projector, Printer Scanner & Photocopy/Laptop खरिद तथा आपूर्ति गर्ने सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७२/०९/१३

यस विभागको लागि आवश्यक ८ थान Projector, Printer Scanner & Photocopy / Laptop चालु आ.ब. २०७२/०७३ भित्र खरिद तथा आपूर्ति गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनी वा संस्थाहरूबाट तपसिलको शर्तका अधीनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपसिल**

१. दरभाउपत्र फाराम खरिद गर्नको लागि निवेदनसाथ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म इच्छुक फर्म, कम्पनी वा संस्थाहरूले व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता/मू.अ.कर दर्ता प्रमाणपत्र र २०७१/०७२ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गरी कार्यालय समयमा यस विभागको जिन्सी शाखाबाट नगद रू. ३००/- (फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । साथै उक्त कागजातहरू नोटरी पब्लिकबाट प्रमाणित गराई सिलबन्दी दरभाउपत्रसाथ पनि संलग्न राखी पेश गर्नुपर्नेछ ।
२. सिलबन्दी दरभाउपत्र पेश गर्दा कम्तीमा ७५ दिन म्याद भएको (क) वर्गको वाणिज्य बैंकबाट जारी गरिएको दरभाउपत्र जमानत (बिडबण्ड) संलग्न हुनुपर्नेछ वा यस विभागको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको स.अ. धरौटी खाता नं. १२०-१२०-०००१-००२५२४ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।
३. सिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेभित्र यस विभागको जिन्सी शाखामा दर्ता गराइ सक्नुपर्नेछ । दर्ता हुन आएको सिलबन्दी दरभाउपत्र फाराम सोही दिन दिनको २:०० बजे सिलबन्दी दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधि वा निजहरू उपस्थित नभए पनि कार्यालयका प्रतिनिधिहरूको रोहबरमा यस विभागमा खोलिनेछ ।
४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू विदापछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।
५. सिलबन्दी दरभाउपत्रमा दररेट अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई नै मान्यता दिइनेछ ।
६. दरभाउपत्रदाता कालो सूचीमा नपरेको भनि स्वघोषणापत्र समेत पेश गरेको हुनुपर्ने छ ।
७. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको दरभाउपत्रउपर कुनै कारवाही हुनेछैन ।
८. प्रचलित ऐन नियमअनुसार लाग्ने सम्पूर्ण कर दरभाउपत्रदाताले नै व्यहोर्नुपर्नेछ ।
९. कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा निहित हुनेछ ।
१०. यस सूचनामा उल्लेख भएका कुराहरू यसै सूचना बमोजिम र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानूनबमोजिम हुनेछ ।
११. स्वीकृत दरभाउपत्रदाताले आपूर्ति गर्ने सामान विभागबाट स्वीकृत Specification बमोजिम गुणस्तरयुक्त भए नभएको सम्बन्धमा यस विभागले तोकेको कर्मचारीबाट जाँचबुझ गराएर मात्र स्वीकार गरिने छ । दरभाउपत्र स्वीकृत भई सम्झौता भएपछि १५ (पन्ध्र) दिनभित्र सामानहरू आपूर्ति गर्नुपर्ने छ ।
१२. दरभाउपत्रमा उल्लिखित परिमाण भन्दा २० प्रतिशत संख्या थप गर्न सकिनेछ ।
१३. यस सम्बन्धी अन्य कुनै जानकारी चाहिएमा कार्यालय समयभित्र यस विभागको जिन्सी शाखा वा आन्तरिक प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।

| दरभाउपत्र नं. | सामानको विवरण | संख्या | दरभाउपत्र फारामको दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| ६/०७२/७३ | Projector | ३ थान | रू. ३००/- | रू. १५,०००/- |
| | 3 in 1 Printer Scanner & Photocopy | ३ थान | | |
| | Laptop | २ थान | | |


# साइपाल सेमीमा

**काठमाडौं/रास-** साइपाल एकेडेमीको 'ए' र 'बी' दुवै टिम प्रथम आइडियल कप अन्तरकलेज सिक्स ए साइड छात्र फुटबल प्रतियोगितामा आइतबार सेमिफाइनलमा प्रवेश गरेको छ।



चाबहिलको गणेशस्थानमा भएको क्वार्टरफाइनलमा साइपाल 'ए' ले नासा इन्टर नेसनल कलेजलाई ३-० गोलले पराजित गऱ्यो । जितमा उजन तामाङले २ तथा सुशन श्रेष्ठले १ गोल योगदान गरे । उमन बुढाथोकीको निर्णायक गोलको मद्दतले साइपाल 'बी' ले मोर्गन इन्टरनेसनल कलेजलाई १-० गोलले हरायो । आइडियल इंग्लिस उमाविद्वारा आयोजित प्रतियोगितामा पेन्टागन र विट्स पनि सेमिफाइनलमा पुग्न सफल भए।

पेन्टागनले आयोजक आइडियल 'ए' लाई टाइब्रेकरमा २-१ गोलले पाखा लगायो। पेन्टागनका राजन तामाङ र रोस्टरलले गोल गरे । आइडियलबाट संजीव श्रेष्ठले मात्र गोल गर्न सफल भए। निर्धारित समयको खेल गोलरहित बराबरीमा सकिएको थियो। विट्सले पनि आयोजकलाई नै निराश पाऱ्यो । आइडियल 'बी' विरुद्धको अन्तिम क्वार्टरफाइनलमा विट्स १-० को झिनो गोलअन्तरले विजयी भयो। विट्सका विकेश तामाङले निर्णायक गोल गरे।

सेमिफाइनलमा पेन्टागनको भेट साइपाल 'बी' सँग हुनेछ भने विट्सले साइपाल 'ए' को सामना गर्नेछ। दुवै खेल सोमबार हुनेछन्।

# अस्ट्रेलियाको रेकर्ड

**सिड्नी/एजेन्सी-** अस्ट्रेलियाले अन्तर्राष्ट्रिय क्रिकेटमा १ हजार शतक पूरा गरेको छ । वेस्टइन्डिजविरुद्ध मेलबर्नमा भएको दोस्रो टेस्टको पहिलो दिन ओपनर ब्याट्सम्यान उस्मान ख्वाजाले शतक प्रहार गरेपछि अस्ट्रेलिया हजार शतक प्रहार गर्ने पहिलो राष्ट्र बन्यो । ख्वाजाले १ सय ४४ रनको पारी खेलेपछि अस्ट्रेलियालाई १ हजार शतकको कीर्तिमानमा पुऱ्याउने खेलाडी बने । टेस्ट, एकदिवसीय र टी-२० अन्तर्राष्ट्रिय खेलमा सर्वाधिक चाँडो शतक बनाउने देशका रूपमा अस्ट्रेलिया अग्रस्थानमा रहेको छ । इंग्ल्यान्ड ९ सय ६४ शतकका साथ दोस्रो स्थानमा रहेको छ। भारत ६ सय ८८ शतकका साथ तेस्रो स्थानमा रहँदा वेस्टइन्डिज ६ सय २९ शतकका साथ चौथो स्थानमा रहेको छ। यो सूचीमा पाकिस्तान पाँचौं स्थानमा रहँदा सर्वाधिक रूपमा कम शतक बनाउनेमा बंगलादेश ७७ शतकका साथ दसौं स्थानमा रहेको छ।

# यू-१६ फुटबल हुने

**काठमाडौं/रास-** साइपाल एकेडेमीको आयोजनामा प्रथम साइपाल यू-१६ अन्तरविद्यालय सिक्स ए साइड छात्र फुटबल प्रतियोगिता पुस २५ गतेदेखि हुने भएको छ । प्रतियोगितामा २४ टिमले नकआउट आधारमा प्रतिस्पर्धा गर्ने साइपालका इसीए इन्चार्ज एवं प्रतियोगिता संयोजक विनोद बुढाथोकीले जनाएका छन् । विजेता र उपविजेतालाई गिफ्ट ह्याम्पर प्रदान गरिनेछ।

# आर्सनलको लज्जास्पद हार

**लन्डन/एजेन्सी-** इंग्लिस प्रिमियर लिगमा लिसेस्टर सिटीलाई पछ्याइरहेको आर्सनल साउथहेम्पटन सँग ४-० को फराकिलो अन्तरले पराजित भएको छ। शीर्ष स्थानको लिसेस्टर सिटी पनि लिभरपुलसँग पराजित भएपछि यी दुईबिचको बढ्दो अंक दुरी म्यानचेस्टर सिटीले भने कम गरेको छ।



शनिबार राति भएको खेलमा साउथ ह्याम्पटनले उपाधि दाबेदार मानिएको आर्सनललाई ४-० ले पराजित गर्दा साउथ ह्याम्पटनका सेन लङले दुई गोल गरे। पहिलो हाफमा मार्टिनाको गोलबाट अग्रता हासिल गरेको उसले दोस्रो हाफमा थप ३ गोल गर्न सफल रह्यो । १९औं मिनेटमा मार्टिनाले करिब ३० यार्ड टाढाबाट गरेको उत्कृष्ट प्रहारले पोस्टको दिशा लिएपछि आर्सनल दबाबमा परेको थियो।

पहिलो हाफमा आर्सनलले गोलका राम्रा अवसरहरू गुमायो। उसका ओलिभर जिरउड र थियो बाल्टकले गोलका मौकाहरू चुकाउँदा आर्सनल पहिलो हाफमा १-० ले पछि रह्यो । खेलको ५५औं मिनेटमा लङले व्यक्तिगत पहिलो गोल गर्दै टिमको अग्रता दोब्बर बनाए । त्यसपछि पनि साउथ ह्याम्पटनले गोल गर्ने क्रम जारी राख्यो । उसका लागि ६९औं मिनेटमा जोसे फोन्टेले गोल गर्दै टिमलाई जित नजिक पुऱ्याए । उसका लागि फराकिलो नतिजा दिलाउने क्रममा लङले टिमका लागि अन्तिम मिनेटमा चौथो तथा व्यक्तिगत दोस्रो गोल सम्भव बनाए।

पछिल्ला ११ खेलमध्ये एकमा मात्र हार बेहोरेको आर्सनलले गत सोमबार म्यानचेस्टर सिटीलाई हराउँदै उपाधि दाबेदारीमा रहन सफल भएको थियो । यद्यपि, सिटीविरुद्धको खेल देखाउन आर्सनल असफल रह्यो । अर्को खेलमा लिसेस्टर लिभरपुलसँग १-० ले पराजित भएपछि आर्सनलले शीर्ष स्थान कब्जा गर्ने मौका प्राप्त गरेको थियो। लिग अंक तालिकामा ३८ अंकका साथ पराजयका बाबजुद लिसेस्टर सिटी शीर्ष स्थानमा छ भने दोस्रो स्थानको आर्सनलको ३६ र तेस्रो स्थानमा रहेको म्यानचेस्टर सिटीको ३५ अंक रहेको छ।


Government of Nepal
**Birendranagar Municipality Office**
**Surkhet**

**Invitation for Bids**

(Date of publication: **2072/ 09 /13**)

1. The **Birendranagar Municipality Office, Surkhet** invites sealed bids from registered contractors for the **following construction works** as shown in table below of Birendranagar Municipality Office, Surkhet.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Birendranagar Municipality Office, Surkhet , Phone no:083-520144, fax: 083-520128**.
3. Bidding documents may be purchased from the above office of **Birendranagar Municipality Office, Surkhet** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **as shown in table below for each bid. Bank Name: RastriyaBanijya Bank, Surkhet ; RevenueAccount No: Ga 4/2 4080304000002, Name of office: Birendranagar Municipality Office, Surkhet**
4. Last Date of Bid Document Purchase will be **as shown in table below**.
5. Pre-bid meeting shall be held at **2072-10-03 11:00 Hrs** at **Birendranagar Municipality Office, Surkhet**
6. Bids must be submitted to the above office of **Birendranagar Municipality Office, Surkhet** on or before **the specified date and time as shown in table below**. Documents received after this deadline shall not be accepted.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **the specified date and time as shown in table below** at the office of **Birendranagar Municipality Office, Surkhet**. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **as shown in table below**, which shall be valid for 30 days beyond the validity period of the bid (120 days).
8. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Bid Security Account: **Bank Name: RastriyaBanijya Bank, Surkhet; Deposit Account No: Ga 3/2 4080303000002, Name of office: Birendranagar Municipality Office, Surkhet** and submit the receipt of the deposited amount of cash along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
11. Any provisions which are not mentioned in this notice will be consistent with Public Procurement Act (PPA), 2063 / Public Procurement Regulations (PPR), 2064 and other prevailing Nepalese Laws.

| SN | Contract Identification No. | Brief Description of Work/Site | Estimated Amount (Rs) | Bid Security Amount (Rs) | Deadline for Bid document purchasing date and time | Deadline for Bid submission date and time | Bid Opening Date and Time | Bid document Amount (Rs) |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 01/2072/2073 | Maintenance Work of Heartline Road Ward no. 3,4 and 8 (Bhimchauttari marg) | 24,75,097.22/- | 62,000/- | 2072-10-12 16:00 Hrs | 2072-10-13 12:00 Hrs | 2072-10-13 14:00 Hrs | 1000 |
| 2. | 02/2072/2073 | Maintenance Work of Main and Branch Road Ward No.6, 9 and 12 | 39,28,843.46/- | 98,500/- | 2072-10-12 16:00 Hrs | 2072-10-13 12:00 Hrs | 2072-10-13 14:00 Hrs | 1000 |


**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आशिष शेरचन**, सम्पादक : **राजन शर्मा**